CC-0. Digitized by eGangotri and MIDF- Delhi

(3 ८)

राम-गीता

बदरीनाथ भट्टराई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(३०)

राम-गीता

बद्रीनाथ भट्टराईद्वारा सस्नेह प्राप्त.

नवराज कट्टेल
२०४०।४।२६

अनुवादक तथा प्रकाशक

बद्रीनाथ भट्टराई

शुभ संवत्
२०४०

मूल्य ३।-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुस्तक-प्राप्तिस्थान :
रत्न-पुस्तक-भण्डार
भोटाहिटी, नेपाल

(सर्वाधिकार सुरक्षित)

दोस्रो पटक : १००० प्रति

मुद्रक :
आकाश भैरव प्रिन्टिङ्ग प्रेस
वटु मूबहाल काठमाडौं,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निवेदन

उपनिषद्-रूपी समुद्र मथेर भगवान् रामचन्द्रले शुद्ध-चित्त लक्ष्मणलाई उपदेश दिनुभएको यथार्थ अमृतस्वरूप यो राम-गीता ब्रह्माण्ड पुराणको अन्तर्गत अध्यात्मरामायणको अन्तिम अंश हो। यसै हुँदा यसका लेखक वेदव्यासजी हुनुहुन्छ। भगवान् शिवजीले देवी पार्वतीलाई यही सुनाउनु भएको हो।

कसैले भन्नुहोला 'यसको यथार्थ अर्थ त भगवान् शिवजी जान्नुहुन्छ, त्यसको आधा पार्वती जान्नुहुन्छ, अनि त्यसको पनि आधा अर्थात् चौथाइ ब्रह्माजी जान्नुहुन्छ। यसै हुँदा चित्त शुद्ध पनि नभएको तँलाई त अधिकारै छैन। यस्तो आफूले बुझ्दै नबुझेको विषयमा कलम चलाउनु त पाप हो। इत्यादि।'

तर उहाँलाई म कर जोरी विन्ति गर्छु, जुन राम-गीता जानेपछि उतिखेर नै चित्त शुद्ध हुन्छ' भन्ने ब्रह्माण्ड पुराणको वचनले नै मलाई उत्साह बढाएको हो। हो, कर्मकाण्डमा अनधिकारीले कर्म गरे पाप लाग्छ, तर यो रामगीताको पाठ श्रद्धापूर्वक गर्नाले पापीको पनि चित्त शुद्ध हुँदै आउँछ। पुङ्को

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानिसले आकाशका चन्द्रमालाई समात्न हात पसारे जस्तै उपहासको विषय भएपनि यो प्रयास हो रामगीताको मननले आफ्नो चित्त शुद्ध होस् भन्नाको लागि। कर्मयोगले नाशिदिने मलदोष र भक्तियोगले नाशिदिने विक्षेप दोष पनि यही रामगीताको मननले नष्ट हुन्छ। यसको खास अधिकारी त चित्त-शुद्ध मुमुक्षु नै हो, फेरि यो रामगीताको लक्ष्य हो आवरणलाई अर्थात् अज्ञानलाई हटाउनु। यसै हुँदा संक्षेपमा अज्ञानको नाश गर्ने उपाय यहाँ बताइएको छ।

यसको अर्थ लेख्दा विशेष गरेर श्री नागेश भट्टका शिष्य रामवर्माको संस्कृत टीकाको आश्रय मैले लिएको छु। अनि कहीं कहीं तीन हिन्दी टीकाबाट पनि सहायता पाएको छु। ती टीकाहरूमध्ये पहिलो हो श्री क्षितीशचन्द्रज्यूको, दोस्रो हो श्री रामदासज्यूको, तेस्रो हो श्री विष्णुदत्तज्यूको।

गुरुकापी पढी एकदुई ठाउँमा संशोधनको सुझाउ दिएर प्रकाशनका लागि प्रोत्साहन दिने विद्वद्वर श्रीकृष्णकान्त अधिकारीज्यूको म अत्यन्त ऋणी छु।

जीवित हुंदा जुन पत्नी चित्रकलाले शालिग्राम पूजा गर्न लाग्दा मलाई यो रामगीता सुनाउँथिन् उनै दिवंगतको अन्तःकरणमा र जुन जुन धनिकहरूको धनबाट यो प्रकाशित भएको छ उहाँहरूको हृदयमा पनि अखण्ड सुखशान्ति होस् भनी भगवान् अन्तर्यामी सँग प्रार्थना गर्दछु। पुस्तक बिक्रीको रू. ५३१ पनि यसैमा परेको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री रामगीता-माहात्म्यम्

ब्रह्मोवाच

श्री रामगीता-माहात्म्यं कृत्स्नं जानाति शंकर :
तदर्धं गिरिजा वेत्ति तदर्धं वेद्म्यहं मुने । १ ।
तत्ते किंचित् प्रवक्ष्यामि कृत्स्नं वक्तुं न शक्यते ।
यज् ज्ञात्वा तत्क्षणा ल्लोकश् चित्तशुद्धि मवाप्नुयात् । २ ।
श्री राम-गीता य त्पापं न नाशयति नारद ।
तन्न नश्यति तीर्थादौ लोके क्वापि कदाचन ।
तन्न पश्याम्यहं लोके मार्गमाणो पि सर्वदा । ३ ।
रामेणो पनिषत्—सिन्धु मुन्मथ्योत्पादितां मुदा ।
लक्ष्मणाया र्पितां गीता-सुधां पीत्वा ऽ मरो भवेत् । ४ ।
जमदग्निसुत: पूर्वं कार्तवीर्य-वधे—च्छया ।
धनुर्विद्या मभ्यसितुं महेशस्या न्तिके ऽ वसत् । ५ ।
अधीयमानां पार्वत्या रामगीतां प्रयत्नत: ।
श्रुत्वा गृहीत्वा ऽऽ शु पठन् नारायण-कला मगात् । ६ ।
ब्रह्महत्यादि पापानां निष्कृतिं यदि वाञ्छति ।
रामगीतां मासमात्रं पठित्वा मुच्यते नर : । ७ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुष्प्रतिग्रह--दुर्भोज्य--दुरालापा--दि--संभवम् ।
पापं यत्कीर्तना त्सद्यो रामगीता विनाशयेत् ।८।
शालिग्राम-शिला-ग्रे च तुलस्य-श्वत्थ-सन्निधौ ।
यतीनां पुरत स्तद्वद् रामगीतां पठे त्तु यः ।
स तत्फल मवाप्नोति यद् वाचो ऽपि नगोचरम् ।९।
रामगीतां पठन् भक्त्या यः श्राद्धे भोजयेद् द्विजान् ।
तस्य ते पितरः सर्वे यान्ति विष्णोः परं पदम् ।१०।
एकादश्यां निराहारो नियतो द्वादशी-दिने ।
स्थित्वा ऽगस्त्यतरो मूले रामगीतां पठेत्तु यः ।
स एव राघवः साक्षात् सर्वदेवै श्च पूज्यते ।११।
विना दानं विना ध्यानं विना तीर्था-गाहनम् ।
रामगीतां नरो ऽधीत्य तदनन्त-फलं लभेत् ।१२।
वहुना किमिहोक्तेन शृणु नारद तत्त्वतः ।
यस्य विज्ञानमात्रेण वांछिता-र्थ-फलं लभेत् ।१३।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री महादेव उवाच

(श्री महादेव पार्वतीलाई आज्ञा हुन्छ)

ततो जगन्मङ्गलमङ्गलात्मना
विधाय रामायणकीर्ति मुत्तमाम् ।
चचार पूर्वाचरितं रघूत्तमो
राजर्षिवर्यै रभिसेवितं यथा ॥१॥

संसार-मङ्गल-निमित्त सुमङ्गलात्मा
श्री रामबाट अनि उत्तम कीर्ति गर्दै ।
पुर्खासरी हुन गयो सब चालमाल
राजर्षिले अघि यहाँ जसरी गरेथे ॥

जगत्को मङ्गल गर्ने मङ्गल स्वरूप भएका रघु राजाका कुलका उत्तम रामचन्द्रले उत्तम अर्थात् मोक्ष सम्मको फल दिने हुनाले ज्यादै श्रेष्ठ, वाल्मीकि आदिले बनाएको रावणको वध इत्यादि कथा भएको रामायण--रूप कीर्ति गरेर आफ्ना पुरुखाहरूले र अरू श्रेष्ठ राजर्षि-हरूले पनि गर्नु भएको प्रजाको पालन र सत्कथाको श्रवण आदि आचरण गर्नु भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

('जगन्मङ्गलमङ्गलात्मना' को अर्को अर्थ संस्कृत टीकाकार राम वर्माले यस्तो पनि गर्नु भएको छ। जगत्को मङ्गल अर्थात् सगुण आनन्द तिनको आश्रय भएको मङ्गल अर्थात् निर्गुण आनन्द नै स्वरूप भएका अर्थात् अघिल्लो मङ्गल शब्दको अर्थ हो सगुण आनन्द। पछिल्लो मङ्गल शब्दको अर्थ हो निर्गुण आनन्द। निद्रा, मदिरा, आलस्य आदिबाट हुने सुख हो तमोगुणी। अरू विषय—भोगबाट हुने सुख हो रजोगुणी। भक्ति र योग इत्यादिबाट हुने सुख हो सत्वगुणी ब्रह्मानन्द हो निर्गुण। तैत्तिरीय श्रुति पनि भन्नु हुन्छ, 'त्यही आनन्दको मात्रा अरू भूतहरू भोग्दछन्।'

सौमित्रिणा पृष्ट उदार-बुद्धिना
राम: कथा: प्राह पुरातनो: शुभा: ।
राज्ञ: प्रमत्तस्य नृगस्य शापतो
द्विजस्य तिर्यक्त्व मथाह राघव: ॥२॥

सोद्धा उदारमति लक्ष्मणले पुराना
राम्रा कथा हुकुम भो अनि रामबाट ।
राजा प्रमत्त नृगलाई सराप पर्दा
तिर्यक् जुनो हुनुपऱ्यो जसरी अकस्मात् ॥

उदार शब्दको अर्थ हो गुरु र देवतामा विश्वास गर्ने अथवा दान गर्ने स्वभाव हुने, त्यस्तो उदार बुद्धि भएका सुमित्राका छोरा लक्ष्मणले सोधिएका रामले पहिलेका राजा-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरूको शुभ कथा भन्नुभयो। आफ्नो गाईको बथानमा मिसिन आएकी पहिले ब्राह्मणलाई दान गरिएकी गाई फेरि भूलले दान गर्ने नृग राजाले सरापबाट छेपारो हुनु परेको कथा रघु राजाका पनाति रामले बताउनुभयो । (भूलले ब्राह्मणको गाई दान गर्दा त यस्तो भयो भने जानी जानी ब्रह्मस्व हरे कस्तो होला !)

कदाचिदेकान्त उपस्थितं प्रभुं
रामं रमा-लालित-पाद-पङ्कजम् ।
सौमित्रि रासादित-शुद्ध-भावनः
प्रणम्य भक्त्या विनयान्वितोऽब्रवीत् ॥३॥

एकान्तमा प्रभु कुनै दिन राज गर्दा
सीताजिले चरण-पङ्कज फेरि दाब्दा ।
सद्भावना विनयले युत लक्ष्मणैले
विन्ती गरे गरि प्रणाम त भक्तिसाथ ॥

कुनै दिन एकान्तमा राज भएका, रमा अर्थात् सीताजीले पाउ मिचिएका प्रभु रामलाई भक्ति साथ नमस्कार गरेर अर्थात् गुरु मानी शरण परेर चित्त शुद्ध भएका अनि नम्र भएका लक्ष्मणले विन्ती गर्नु भयो ।

सौमित्रि रुवाच (सुमित्राका छोरा लक्ष्मणले भन्नुभयो)

त्वं शुद्ध-बोधो सि हि सर्व-देहिना
मात्मास्य धीशो सि निराकृतिः स्वयम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतीयसे ज्ञानदृशां महात्मते
पादाब्ज – भृङ्गा–हित–सङ्ग–सङ्गिनाम् ।।४।।

हो शुद्ध चेतन हजूर सबै जनाको
आत्मा र ईश अनि आकृतिहीन फेरि ।
हे बुद्धिमान् हजूर जान्नुहुन्छ ज्ञानी
पादाब्जका भ्रमर भक्त सुसंगबाट ।।

ठूलो अर्थात् सर्वविषयक बुद्धि भएका हे दाइ, हजूर शुद्ध-चैतन्य-स्वरूप होइबक्सिन्छ । जीवहरू चैतन्यकै प्रतिबिम्ब हुनाले सारा शरीरधारीको आत्मा भइबक्सिन्छ । अन्तर्यामी ईश्वर पनि हजूर नै होइबक्सिन्छ । (वास्तवमा उपाधिको भेदले नियन्ता र नियम्यको भेद हो) हजूर निराकार होइबक्सिन्छ अर्थात् हामी जीवको जस्तो कर्माधीन शरीर छैन । हजूरको पाउरूपी कमलको भमरा जस्तै भई चित्त अखण्डित रूपले चढाइरहने भक्तहरूको संगत गर्ने ज्ञान अर्थात् वेदान्त वाक्य नै दृष्टि भएका ज्ञानीहरूका हृदयमा आफैं प्रतीत होइबक्सिन्छ ।

अहं प्रपन्नोऽस्मि पदाम्बुजं प्रभो
भवा–पवर्गं तव योगि–भावितम् ।
यथाऽञ्जसाऽज्ञान मपार-वारिधिं
सुखं तरिष्यामि तथाऽनुशाधि माम् ।।५।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो पाउका शरणमा प्रभु पर्छु ऐले
जो विश्व-मोक्षद र योगिविभावितै छन्।
अज्ञान-सागर अपार छिटै सुखैले
तर्ने उपाय त मलाई बताइबक्स्योस् ।।

हे प्रभु, संसारबाट मोक्ष दिने र योगीहरूले भावना गरिएको हजूरको चरण कमलको शरणमा म परेको छु । जसरी अपार अर्थात् पार गर्न मुश्किल अज्ञान रूपी समुद्र सजिलैसँग छिटो तर्दछु त्यस्तो शिक्षा मलाई बक्स्योस् ।

श्रुत्वा थ सौमित्रिवचो ऽखिलं तदा
प्राह प्रपन्नार्तिहरः प्रसन्नधीः ।
विज्ञान मज्ञान–तमःप्रशान्तये
श्रुति-प्रपन्नं क्षितिपाल-भूषणः ।।६।।

त्यस्ता सबै वचन लक्ष्मणका सुनेर
ज्यादै प्रसन्न शरणागत-दुःख हर्ने ।
आज्ञा भयो नृप-शिरोमणि रामबाट
अज्ञान नास्न श्रुतिसंमत सार वाक्य ।।

लक्ष्मणको सबै वचन सुनेर, शरण परेकाको दुःखनाश गरिदिने, प्रसन्न बुद्धि भएका, अनि राजाहरूका गहना जस्ता ज्ञानी रामले अज्ञान-रूपी अन्धकार हटाउन वेदले कहिएको ज्ञान बताउन शुरू गर्नु भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(श्री रामचन्द्र उवाच – रामचन्द्रले भन्नुभयो)

आदौ स्व-वर्णा-श्रम-वर्णिताः क्रियाः
कृत्वा समासादित-शुद्ध-मानसः ।
समाप्य तत्पूर्व मुपात्त-साधनः
समाश्रयेत् सद्गुरु मात्मलब्धये ॥७॥

पैले त कर्म निज वर्ण र आश्रमैका
पूरा गरेर अति शुद्ध मनै तुल्याई ।
पारी समाप्त सब साधन ता लिएर
जाओस् भला गुरु कहाँ खुद बुझ्न आत्मा॥

ब्राह्मणका क्रिया हुन् शम, दम इत्यादि स्वाभाविक कर्मका साथ पढनु, पढाउनु, यज्ञ गर्नु, यज्ञ गराउनु, दान दिनु दान लिनु इत्यादि। क्षत्रियका हुन् शौर्य, तेज, धैर्य आदि स्वाभाविक कर्मका साथ पढनु, यज्ञ गर्नु, दान दिनु प्रजाको पालन गर्नु इत्यादि। वैश्यका कर्म हुन् पढनु, यज्ञ गर्नु, दान दिनु, खेती गर्नु, गाई पाल्नु, व्यापार इत्यादि। शूद्रका कर्म हुन् तीन वर्णको सेवा गर्नु अनि किसिम किसिमका कालिगडी काम गर्नु। आश्रम पनि चार छन्। ब्रह्मचर्यमा वेद पढनु, गुरुको सेवा गर्नु इत्यादि कर्म बताइएका छन्। गृहस्थका नित्य र नैमित्तिक आदि कर्म विहित छन्। वानप्रस्थलाई तीर्थमा गएर उपासना आदिको विधान गरिएको छ। संन्यास हो अन्तिम आश्रम। यसरी वर्ण – धर्म र आश्रम – धर्म पूरा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरी मन शुद्ध पारेर विवेक, वैराग्य, शम दम आदि संपत्ति र उत्तम मुमुक्षुता यी चार साधनहरू लिएर संन्यास लिई आत्मज्ञानका लागि अर्थात् त्यो फल दिने तत्वमसि आदि महावाक्यको अर्थको बिचारका लागि सद्–गुरू अर्थात् अज्ञान-को नाश गरिदिने श्रोत्रिय ब्रह्मनिष्ठ जीवन्मुक्तको शरणमा जाओस् । (यसबाट बुझिन्छ पहिले आफ्नो चित्त शुद्ध गरा-उनुपर्छ । अनि ज्ञानी गुरूबाट महावाक्यको श्रवण गर्नु पर्छ अनि आत्मज्ञान हुन्छ । आफैले खाली विचार गरेर ज्ञान हुँदैन ।

क्रिया शरीरोद्भव-हेतु रादृता
प्रिया-प्रियौ तौ भवतः सुरागिणः ।
धर्मेतरौ तत्र पुनः शरीरकं
पुनः क्रिया चक्रव दीर्यते भवः ।।८।।

पैदा शरीर हुनुमा त छ कर्म हेतु
आसक्तका प्रिय र र अप्रिय ती त हुन्छन् ।
ती पाप , पुण्यहरूबाट शरीर बन्छन्
तीबाट कर्म भव चक्रसरी कहिन्छ ।।

आदरपूर्बक पूर्व जन्ममा गरिएको धर्म र अधर्म रूप कर्म नै शरीर उत्पत्ति हुनामा कारण हो । ज्यादै रागी अर्थात् विषयको इच्छा गर्ने पुरुषको ती धर्म र अधर्म प्यारा अर्थात् सुख पैदा गर्ने र अप्यारा अर्थात् दुःख पैदा गर्ने हुन्छन् । धर्म

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र पापले गर्दा त्यसको फल भोग्नाको लागि फेरि शरीर पैदा हुन्छ । त्यो शरीरबाट फेरि पाप र पुण्यरूप क्रिया हुन्छ । त्यसै हुँदा कहिले तलको भाग माथि जाने अनि कहिले माथि-को भाग तल आउने चक्र जस्तै संसार चलिरहन्छ । यसरी आसक्तको सकामको संसार कहिले पनि नष्ट हुँदैन ।

अज्ञान मेवास्य हि मूल–कारणं
तद्धान मेवात्र विधौ विधीयते ।
विद्यैव तन्नाश–विधौ पटीयसी
न कर्म तज्जं सविरोध मीरितम् ॥९॥

अज्ञान नै छ यसको खुद मूल हेतु
त्यो छोड्नुपर्दछ भनी विधिवाक्य भन्छ।
विद्या त सक्छ त्यसलाई विनष्ट पार्न
सक्दैन कर्म त्यसबाट खडा भएको

यो संसार छुटाउनाका लागि मूल कारण भएको अज्ञानलाई नै हटाउनुपर्छ भन्ने बताइएको छ । विद्या अर्थात् ज्ञान नै अज्ञानको नाश गर्न समर्थ हुन्छ (जस्तो डोरीमा भान भएको सर्पको भ्रम हटाउनाको लागि यो डोरी हो भन्ने डोरी-कै ज्ञान हुनुपर्छ) कर्मले अज्ञानको नाश गर्न सक्दैन । आत्मा-को अज्ञानबाट खडा भएको शरीर आदिको अभिमानबाट हुने कर्म ज्ञानको विरोधी हो भन्ने बताइएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाज्ञानहानि नंच रागसंक्षयो
भवे त्ततः कर्म सदोष मुद्-भवेत्।
ततः पुनः संसृति रप्यवारिता
तस्माद् बुधो ज्ञान विचारवान् भवेत् ॥१०॥

अज्ञानको क्षय हुँदैन न राग नास्छ
फन् कर्म दोष-सहितै भइहाल्छ पैदा।
संसार फेरि त्यसवाट त रोकिँदैन
लागोस् तसर्थ बुध ज्ञान-विचार-तर्फ ॥

विरोध नभएको हुँदा कर्मले अज्ञानको नाश हुँदैन, न त रागको नाश हुन्छ। कर्मको अनुष्ठानले त बरु अरू दोषी कर्म नै पैदा हुन्छ। दोष-युक्त कर्म द्वारा संसार कहिले पनि रोकिंदैन। त्यसै हुँदा चित्त शुद्ध भएको मानिसले सारा कर्मलाई छोडेर विवेक र वैराग्यका साथ खालि वेदान्त वाक्यको विचार गरोस्। (जबसम्म अन्तःकरणमा मल र विक्षेप दोष रहन्छ तबसम्म निष्काम कर्म र भक्ति गर्नु पर्छ। मल र विक्षेप दोष हटी चित्त शुद्ध भए पछि चाहिं खाली ज्ञानको अभ्यासतिर मात्र लाग्नुपर्छ। नत्र आवरण अर्थात् अज्ञान नष्ट हुन सक्दैन।)

ननु क्रिया वेद-मुखेन चोदिता
तथैव विद्या पुरुषार्थ-साधनम्।
कर्तव्यता प्राणभृतः प्रचोदिता
विद्या-सहायत्व मुपैति सा पुनः ॥११॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हो कर्म वेदमुखले त बताइएको
विद्या छ साधन त्यही सरि मोक्ष मिल्न ।
कर्तब्य हो मनुजको विधियुक्त कर्म
त्यो फेरि बन्दछ सहायक ज्ञानलाई ।।

(अब ज्ञान नै मोक्षको कारण हो, ज्ञान र कर्म साथ साथै हुन सक्तैनन् भन्ने निर्णय गर्न समुच्चयवादको अर्थात् कर्म र ज्ञान संगसंगै हुन्छन् भन्ने मतको कुरा यहाँ देखाइन्छ) जस्तो वेदले ज्ञानलाई पुरुषार्थ अर्थात् मोक्षको साधन बताएको छ त्यस्तै कर्म पनि वेदले नै बताएको छ । (जस्तै ' यावज्जीवं अग्निहोत्रं जुहुयात् ' फेरि दुई पखेटा नभई चरा उड्न सक्तैन त्यस्तै ज्ञान र कर्मले ब्रह्म पाइन्छ इत्यादि) अवश्य कर्तव्य रूपमा नित्य नैमित्तिक कर्म बताएको छ । त्यसै हुँदा ज्ञानको सहायक कर्म हुन्छ (जस्तो घट पैदा गर्न दण्ड र चक्रहरू सहायक हुन्छन् ।)

कर्माकृतौ दोष मपि श्रुतिर्जगौ
तस्मात् सदा कार्य मिदं मुमुक्षुणा ।
ननु स्वतन्त्रा ध्रुव-कार्य-कारिणी
विद्या न किंचिन् मनसा प्यपेक्षते ।।१२।।

छोड्दा त कर्म श्रुति लाग्दछ पाप भन्छन्
तस्मात् गरोस् दिनहुँ कर्म मुमुक्षु मान्छे ।
वास्ता त छोडि मनको ध्रुव कार्य गर्ने
विद्या स्वतन्त्र छ भनेर कुनै त भन्लान् ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(पहिलो आधीमा पूर्वपक्षी समुच्चयवादीको मत र दोश्रो आधीमा सिद्धान्तीको शंका यहाँ राखिएको छ। समुच्चयवादी भन्छन्, कर्म नगरे दोष अर्थात् पाप लाग्दछ भनी वेदले बताएको छ। यसै हुँदा मुमुक्षु अर्थात् मोक्ष हुन इच्छा हुनेले ज्ञानको अभ्यास र कर्म सँधै सँगसँगै गर्नु।

अत्र सिद्धान्तीको शंका देखाइन्छ, ननुको अर्थ यहाँ होइन भन्ने हो, स्वतन्त्र अर्थात् अरूको सहायता बिना आफैं फल दिन सक्ने, अनि ध्रुव अर्थात् अखण्डित कार्य अर्थात् मोक्ष गराउने विद्या अर्थात् ज्ञानले मनबाट पनि कुनै सहायता चाहँदैन। (जस्तो अँध्यारो नाश गर्नाको लागि तेजले कसैको सहायता चाहँदैन) त्यस्तै अज्ञानको नाश गर्न मनको र कर्मको पनि सहायता ज्ञानले चाहँदैन। (हो, निष्काम कर्मले मल दोष र सगुण तथा निर्गुण उपासनाले विक्षेप दोष हटाएर चित्त शुद्ध गराउनु पर्छ, तर चित्त शुद्ध भए पछि कर्मको आवश्यकता छैन। जस्तो नदी तरे पछि नाउको आवश्यकता हुँदैन।)

यहाँ कुनै टीकाकारले पहिलो आधीको विद्या शब्दको अर्थ उपासना हो कर्म नगरी खाली उपासना गर्नेहरूको यो भनाइ हो भनी लेख्नुभएको छ।

न सत्यकार्योऽपि हि यद्वदध्वरः
प्रकाङ्क्षतेऽन्यानपि कारकादिकान्।
तथैव विद्या विधितः प्रकाशितै-
र्विशिष्यते कर्मभिरेव मुक्तये ॥१३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो ठीक हैन तर यज्ञ छ सत्य कार्य
चाहन्छ कारक अरू पनि अङ्ग कार्य ।
विद्या त्यसै गरि विधान मुताबिकैका
सत्कर्म नै लिइ सहाय त मुक्ति दिन्छ ॥

(सिद्धान्तीलाई समुच्चयवादी भन्छन् ,) 'यज्ञ गर्ने याज्ञिकको अक्षय्य पुण्य हुन्छ ' भन्ने वेद वाक्यले बताइएको स्थिर कार्य भएको यज्ञले जस्तो अरू कारक आदि अर्थात् टाढाबाट उपकार गर्ने कर्ता, कर्म करण प्रयाज, अनुयाज आदि अङ्ग र देश काल इत्यादिको पनि चाहना गर्छ त्यस्तै वेदको कर्मकाण्ड भागले बताइएको कर्मको सहायताले नै ज्ञानले मुक्ति दिन समर्थ हुन्छ । (कर्म – त्यागद्वारा हुँदैन । यसैले कर्म गर्नु नै कर्तव्य हो)

केचिद् वदन्तीति वितर्कवादिनस्
तदप्यसद् दृष्ट-विरोध-कारणात् ।
देहाभिमाना दभिवर्धते क्रिया
विद्या गताहंकृतितः प्रसिद्ध्यति ॥१४॥

यस्तो कुरा पनि त भन्छ कुनै कुतर्की
त्यो हो असत् वचन खास विरोध पर्दा
देहाभिमान त हुँदा बढिहाल्छ कर्म
विद्या अहंकृति हटेपछि सिद्ध हुन्छ ॥

(माथिका समुच्चयवादीको कुतर्कमा सिद्धान्ती दोष देखाउनुहुन्छ ।) केही वितर्कवादीहरू कर्म र ज्ञानको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समुच्चयवाद अर्थात् कर्म र ज्ञान सँगसँगै गर्नाले मुक्ति हुन्छ भन्छन् त्यो कुरामा विरोध देखिएकोले ठीक होइन। यसमा सारा लोकले विरोध-रूप कारण देख्छन्। त्यो विरोध यहाँ बताइन्छ। शरीरको अभिमानले कर्म हुन्छ अर्थात् आफू नभएको अनात्मा शरीर आदिमा आफू भन्ने अभिमान गर्नाले कर्म हुन्छ। अहंकार नष्ट भए पछि मात्र ज्ञान हुन्छ। अर्थात् अहंकार भए कर्म हुन्छ। यसै हुँदा कर्म र ज्ञानको समुच्चयमा विरोध सिद्ध हुन्छ।

विशुद्ध–विज्ञान–विरोचना–ञ्चिता
विद्याऽऽत्मवृत्ति श्चरमेति भण्यते।
उदेति कर्मा खिल-कारका-दिभि
र्निहन्ति विद्या खिल-कारका-दिकम् ॥१५॥

अत्यन्त शुद्ध अनुभूति-प्रकाश-युक्त
त्यो अन्त्य आत्ममय वृत्ति भनिन्छ विद्या।
संपूर्ण कारक भएपछि कर्म हुन्छ
विद्या त नास्छ सब कारक आदिलाई॥

ज्यादै शुद्ध विज्ञान अर्थात् वेदान्तका महावाक्यहरूको आलोचना अर्थात् विचारले पुऱ्याइएका अथवा अत्यन्त शुद्ध अनुभव-रूपी सूर्यले प्रकाशित चरम अर्थात् अन्तिम आत्म-वृत्ति अर्थात् अन्तिम ब्रह्माकार-वृत्तिलाई नै विद्या अर्थात् ज्ञान भन्छन्। अखिलकारकादिभिः अर्थात् सारा अङ्गसहित कर्ता कर्म इत्यादि कारकले क्रिया सम्पन्न हुन्छ र फल दिने हुन्छ, तर ज्ञानले सारा कारक आदिलाई अर्थात् कर्तृत्व आदि-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई अर्थात् म कर्ता गर्ने हुँ भन्ने अहंकार आदिलाई समेत नष्ट गरिदिन्छ अर्थात् ब्रह्माकार वृत्तिमा प्रतिफलित चैतन्य-ले नै अज्ञानको नाश गरिदिन्छ ।

तस्मात् त्यजेत् कार्य मशेषतः सुधी
विद्या-विरोधा न्न समुच्चयो भवेत् ।
आत्मा–नुसन्धान–परायणः सदा
निवृत्त–सर्वे–न्द्रिय–वृत्ति–गोचर : ॥१६॥

छोडोस् तसर्थ सब कार्य त बुद्धिमान्ले
विद्या-विरोध त हुँदा सँग हुन्न कर्म ।
लाग्नू सँदै फगत आत्म-विचार–तर्फ
हट्नू सबै विषयबाट त इन्द्रियैका ॥

त्यसै हुँदा चित्त शुद्ध भएको मुमुक्षुले सारा कर्म छोडोस् । ज्ञानसंग विरोध हुँदा समुच्चय अर्थात् सँगसँगै ज्ञान र कर्म हुन सक्तैन । इन्द्रिय नजिती आत्मातिर नफर्कने हुँदा इन्द्रियका विषय शब्द, स्पर्श, रूप, रस गन्ध इत्यादि-देखि हटेर अर्थात् विषयमा आसक्त नभएर सँदै आत्माको अनुसन्धानमा लागिरहोस् अर्थात् आत्मा भनेको के हो ? त्यो कहाँ छ ? कस्तो छ ? इत्यादि जिज्ञासाका साथ चिताइने विषय केही नभएको चैतन्य नै आत्मा हो भन्ने श्रवण र मनन गरो सारा विषयलाई छिन छिनमा छोड्ने अभ्यास शुरू गरोस् । जस्तो मालाको आधार धागो हेर्ने इच्छा हुनेले दुइ फूलको बीचमा नियालेर हेरे धागो देखिन्छ । त्यस्तै मनको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एउटा विषयाकार वृत्ति गए पछि अर्को वृत्ति उठ्न नदिए आत्माको अनुभव हुन्छ । यसरी यो अभ्यास बढाउँदै सजातीय आत्माकार वृत्तिको प्रवाह चलाइरहनु नै आत्माको अनुसन्धान हो । श्रवण, मनन, निदिध्यासन इत्यादि हो आत्माको अनुसन्धान ।

यावच्छरीरादिषु मायया त्मधीस्
तावद् विधेयो विधिवाद-कर्मणाम् ।
नेतीतिवाक्यै रखिलं निषिध्य तज्
ज्ञात्वा परात्मान मथ त्यजेत् क्रियाः ॥१७॥

अज्ञानबाट जबसम्म शरीर आदि
आफू भनिन्छ तबसम्म त कर्म गर्नू ।
यो विश्व होइन भनेर गरी निषेध
त्याग्नू क्रिया अनि बुझेर यथार्थ आत्मा ।

जब सम्म आत्मा अर्थात् आफू नभएका शरीर, इन्द्रिय, प्राण, मन आदिको संघात अनात्ममा माया (अज्ञान) द्वारा आफू भन्ने बुद्धि हुन्छ तबसम्म वेदले बताएका कर्महरू गरोस् । शरीर आदिमा आत्म-भाव छुटेपछि म कर्ता, म भोक्ता भन्ने भाव गएपछि अर्थात् म शरीर, इन्द्रिय, प्राण, बुद्धि, चित्त, अहंकार देखि भिन्न हुँ भन्ने बुझेपछि वेदका नेति नेति अर्थात् कार्य होइन अनि कारण पनि होइन भन्ने वाक्यहरूले साराको निषेध गरेर चित्त शुद्धि भए पछि आत्मा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चाहिं सत्य हो भन्ने बुझी कर्महरू छोडोस्। विक्षेपको अभाव हो चित्त शुद्धि अथवा विवेक, वैराग्य, शम, दम, उपरति तितिक्षा, समाधान, श्रद्धा र मुमुक्षुता यी साधन छन् भने चित्त शुद्ध भएको ठहरिन्छ।

यदा परात्मा–त्म–विभेद–भेदकं
विज्ञान मात्मन्य वभाति भास्वरन्।
तदैव माया प्रविलीयते ञ्जसा
सकारका कारण मात्मसंसृते: ॥१८॥

जैले त आफु र परात्मक भेद नास्ने
विज्ञान त्यो चहकिलो मनभित्र भास्छ।
संसारको प्रथम कारण सांग माया
तैले त नष्ट सहजै हुन जान्छ झट्ट॥

अब परमात्मा र जीवको भेद हटाउने अर्थात् परमात्माको उपाधि माया हो अनि जीवको अविद्या अन्तःकरण हो भन्ने भेदलाई हटाउने प्रत्यक्ष ज्ञान अर्थात् अनुभव अन्तःकरणमा उदाउँछ तब सकारक अर्थात् जन्मान्तर–पाप सहित अर्थात् जन्मान्तर गराउने व्यापार आदिले सहित संसारको कारण माया छिटै नष्ट हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रुति-प्रमाणा-भिविनाशिता च सा
कथं भविष्यत्यपि कार्य-कारिणी ।
विज्ञान-मात्रा दमला-द्वितीयतस्
तस्मा दविद्या न पुन र्भविष्यति ॥१९॥

वेद-प्रमाणहरुबाट विनाशिएको
माया हुनेछ कसरी अनि कार्य गर्ने ।
विज्ञान मात्र अनि निर्मल अद्वितीय
त्योबाट फेरि रहँदैन यहाँ अविद्या ॥

'त्यो तिमी हो' इत्यादि वेद-रूप प्रमाणले आत्मा र परमात्माको एकताद्वारा नष्ट गरिएको अविद्याले फेरि कसरी द्वैत प्रपञ्चरूप कार्य गर्न सक्ला ? निदिध्यासनको परिपाक-बाट भएको अनुभवरूप तथा शुद्ध र अद्वितीय चैतन्यबाट नष्ट भएको अज्ञान फेरि पैदा हुन सक्तैन । (जस्तो डोरीको अज्ञानले भएको सर्पको भ्रम डोरीको यथार्थ ज्ञान भएपछि फेरि हुन सक्तैन ।)

यदि स्म नष्टा न पुनः प्रसूयते
कर्ता हमस्येति मतिः कथं भवेत् ।
तस्मात् स्वतन्त्रा न किमप्यपेक्षते
विद्या विमोक्षाय विभाति केवला ॥२०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जन्मन्न फेरि यदि नष्ट हुँदा अविद्या
कर्ता म ता हुँ भनि के गरि बुद्धि होला।
विद्या स्वतन्त्र छ तसर्थ सहाय केही
चाहन्न केवल स्वयं दिन सक्छ मोक्ष ।।

(कर्मको सहायताको वास्ता नगर्ने विद्या नै मोक्षको कारण हो भन्ने रहस्य फेरि युक्तिपूर्वक यहाँ बताइन्छ) यदि आत्माको ज्ञानले नष्ट भएको अविद्या (अज्ञान) फेरि पैदा हुँदैन भने कारण-रूप त्यो अज्ञान नभएपछि कार्यरूप म कर्ता हुँ भन्ने अहंकार कसरी होला? अहंकार नभएपछि कर्म नहुने हुँदा स्वतन्त्र भएको विद्याले कर्म इत्यादि कुनै कुराको वास्ता गर्दैन। केवल ज्ञानले नै मोक्षरूप फल दिन सक्छ।

सा तैत्तिरीय-श्रुति राह सादरं
न्यासं प्रशस्ता-खिल-कर्मणां स्फुटम् ।
एतावदित्याह च वाजिनां श्रुति
र्ज्ञानं विमोक्षाय न कर्म साधनम् ।।२१।।

तो तैत्तिरीय श्रुति आदरसाथ भन्छन्
संपूर्ण कर्महरू त्याग भनी यथार्थ ।
शाखा त वाजसनिको पनि यत्ति भन्छन्
त्यो ज्ञान मोक्ष दिन सक्तछ कर्म हैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थवाद वाक्यद्वारा (स्तुति गर्ने वाक्यले) त्यागको महत्व त्यो प्रसिद्ध तैत्तिरीय उपनिषद्ले आदरका साथ भनेको छ अर्थात् कर्मले, सन्तानले, धनले मोक्ष हुँदैन, किन्तु सर्वत्यागले मात्र कसैले अमृतत्त्व अर्थात् मोक्ष पाए ।' बाजसनेयीको श्रुति अर्थात् वृहदारण्यक उपनिषद्ले पनि निश्चय नै 'यत्ति नै अमृतत्व हो इत्यादि वाक्यबाट ज्ञान नै मोक्ष गराउन समर्थ छ मोक्षको साक्षात् साधन कर्म होइन' भन्ने बताउँछ ।

विद्या-समत्वेन तु दर्शित स्त्वया
क्रतु र्न दृष्टान्त उदाहृतः समः ।
फलैः पृथक्त्वाद् बहु–कारकैः क्रतुः
संसाध्यते ज्ञान मतो विपर्ययम् ।।२२।।

विद्या–समान छ भनी क्रतुको तिमीले
दृष्टान्त जो अगि दियौ फल–भिन्नताले ।
त्यो ठीक हैन अनि कारक धेर बाट
सिद्धै गरिन्छ क्रतु ज्ञान त छैन त्यस्तो ।।

(कर्मले अहंकार गराउँछ र ज्ञानले अहंकारलाई हटाउँछ भन्ने कर्म र ज्ञानको विषमता देखाएर फलमा पनि कर्म र ज्ञानको विषमता छ भन्ने यो श्लोकमा बताइन्छ ।) हे समुच्चयवादी अर्थात् कर्म र ज्ञान साथसाथै हुन्छ भन्ने हे वादी, तपाईले जुन कर्म अग्निष्टोम आदि यज्ञलाई ज्ञान जस्तै हो भनी जुन समता (तेऱ्ह श्लोकमा) देखाउनुभयो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो दृष्टान्त मिलेन। वेदले बताएको हुँदा यज्ञ पनि ज्ञान जस्तै हो भन्ने तपाइँको अनुमान दृष्टान्त नहुनाले ठीक होइन। यदि गाग्रो बनाउनु-रूप फलमा दण्ड र चक्र जस्तै मोक्ष-रूप फलका लागि विद्या र कर्म उस्तै हुन् भन्नुहुन्छ भने पनि फल भिन्न भिन्न हुनाले दृष्टान्त मिलेन। फेरि यज्ञ भित्री अहंकार आदिबाट र बाहिरी देश, काल आदिबाट सिद्ध हुन्छ। तर ज्ञान त त्यसको उल्टो छ अर्थात् अहंकार, देश, काल इत्यादिबाट ज्ञान हुँदैन। बरु तिनलाई छोडेपछि मात्र ज्ञान हुन्छ।

सप्रत्यवायो ह्यहह मित्यनात्मधी
रज्ञ-प्रसिद्धा नतु तत्त्वदर्शिनः।
तस्माद् बुधैस् त्याज्य मविक्रियात्मभि
र्विधानतः कर्म विधि-प्रकाशितम् ॥२३॥

त्याग्दा त कर्म हुनजान्छु म प्रत्यवायी
भन्ने त अज्ञ जन हो खुद हैन ज्ञानी।
छोड्नू तसर्थ अविकारि मनै भएका
मोक्षार्थिले सकल वैदिक कर्मलाई ॥

(कर्म नगर्दा पाप लाग्छ, यसैले कर्म गर्नै पर्छ भन्नु ठीक होइन, किनभने) कर्म त्याग्नाले मलाई प्रत्यवाय अर्थात् पाप लाग्नेछ भन्ने बुद्धि पनि अनात्मालाई आफू ठान्ने चित्त शुद्ध नभएका अज्ञानीको हो, तत्त्वज्ञानीको होइन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किनभने ज्ञानीमा अहंकार रहँदैन। पाप आदि त अहंकारले बोकेको भारी हो। अर्थात् यहाँ अर्को किसिमबाट पनि अर्थ गर्न हुन्छ, 'आफू नभएको शरीर आदिमा म भन्ने बुद्धि गर्नाले प्रत्यवाय लाग्दछ। यस्तो अज्ञानीहरूमा प्रसिद्ध छ। ज्ञानीमा होइन।' त्यसैं हुँदा सकाम कर्मिष्ठहरूका लागि वेदले यसरी गर्नू भनेर बताएका कर्महरूलाई चित्त शुद्ध भएका बुद्धिमान्हरूले त्यागिदिनू।

श्रद्धान्वित स्तत्त्वमसीति वाक्यतो
गुरोः प्रसादादपि शुद्धमानसः।
विज्ञाय चैकात्म्य मथात्मजीवयोः
सुखी भवेन् मेरुरिवा प्रकंपनः ॥२४॥

श्रद्धा गरी खुद तिमी त्यहि हौ त भन्ने
सद्–वाक्यबाट गुरुको त प्रसादबाट।
भै शुद्ध–चित्त बुझि ईश्वर, जीव एक
निष्कंप मेरुसरि होस् सुख–रूप पूर्ण ॥

(कर्म र भक्तिले चित्त शुद्ध भइसकेको मुमुक्षुको कर्तव्य यहाँ बताइन्छ।) गुरु र शास्त्रको वचनमा विश्वास हो श्रद्धा। त्यस्तो श्रद्धालु अनि चित्त शुद्ध भइसकेको मुमुक्षुले सेवा गरेर प्रसन्न भएका गुरुको निगाहले (त्यो परमात्मा तिमी हौ) भन्ने महावाक्यबाट जीव र परमात्मा एक हुन् भन्ने बुझी अर्थात् मनन र ध्यानको परिपाकबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साक्षात् अनुभव गरी सुमेरु पर्वत जस्तै कहिले पनि नहल्लिने भएर अर्थात् जस्तोसुकै आइपर्दा पनि विकार–रहित भएर सुखी होओस् , अर्थात् म वास्तवमा ब्रह्मस्वरूप हुँ । शरीर आदिले युक्त विकारी जीव होइन) भनी प्रत्यक्ष साक्षात्कार गरी सुखी होस् ।)

आदौ पदार्था–वगति र्हि कारणं
वाक्या–र्थ-विज्ञान–विधौ विधानतः ।
तत्त्वं–पदार्थौ परमात्म–जीवका
वसीति चैकात्म्य मथा नयो र्भवेत् ।।२५।।

पैले त अर्थ पदको बुझिहाल्नु हेतु
वाक्यार्थ बुझ्न हुन जान्छ विधानबाट
'तत्' हुन्छ ईश्वर र त्वंपद जीववाची
हो एकता यि दुइको 'असि' नै त भन्दा ।।

(महावाक्यको विवरण गर्नाको लागि हरेक पदको अर्थ बुझेपछि मात्र बाक्यको अर्थ बुझिन्छ भन्ने यहाँ देखाइन्छ) पहिले हरेक पदको अर्थ बुझ्नु नै प्रमाद–रहित भएर वाक्यको अर्थ बुझ्नुमा कारण हुन्छ । यहाँ 'तत् त्वं असि' यो महावाक्यको अर्थ बुझ्नाको लागि 'तत्' को अर्थ ईश्वर हो । 'त्वं' को अर्थ जीव र 'असि' को अर्थ यी दुइको एकता हो भन्ने पदार्थ बुझेपछि मात्र तिमी परमात्मा हौ भन्ने वाक्यको अर्थ बुझिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रत्यक्–परोक्षादि–विरोध मात्मनो
र्विहाय संगृह्य तयो श्चिदात्मताम् ।
संशोधितां लक्षणया च लक्षितां
ज्ञात्वा स्व मात्मान मथा द्वयो भवेत् ।।२६।।

प्रत्यक् छ जीव परमेश्वर छन् परोक्ष
इत्यादि छोडि दुइको लिइ चित्स्वरूप ।
संशोधितै अनि त लक्षित लक्षणाले
आत्मा स्वयं त्यहि बुझेर त एक होओस् ।।

(सर्वज्ञ भएका परमात्माको र अल्पज्ञ जीवको एकता कसरी हुनु ? भन्ने शंकाको समाधान यहाँ गरिएछ ।) अहं-बुद्धिले प्रत्यक्ष गरिएको सुखी तथा दुःखी जीवको र परोक्ष भएका अनि सारा क्लेशले रहित ईश्वरको विरोधलाई छोडेर युक्तिद्वारा संशोधन गरी अभिधा शक्तिद्वारा हुने वाच्य अर्थको शक्ति नभए तापनि लक्षणा शक्तिद्वारा लक्षित शुद्ध चैतन्य रूपता मात्रलाई लिई परस्परको विरुद्ध अंशलाई त्यागेर एउटै चैतन्य वस्तु हो भन्ने बुझी दुइ नहोस् अर्थात् एक होस् । अर्थात् पदको अर्थ बुझाउँदा तीन शक्ति हुन्छन् । अभिधा, लक्षणा र व्यञ्जना । अभिधाको वाच्य अर्थ गर्दा मिलेन भने लक्षणा गर्नु पर्छ । त्वं पदको जीव अर्थ र तत् पदको ईश्वर अर्थ हो वाच्य। तर प्रत्यक्ष तथा अल्पज्ञ र परोक्ष तथा सर्वज्ञ आदि अज्ञानले कल्पित विशेषणको विरोध भएकोले विशेषणका ती परस्परका विरुद्ध अंशहरूलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छोडी लक्षणाद्वारा बुझाइएको चैतन्य मात्रको एकता हुन्छ । त्वं पदको लक्ष्य अर्थ हो अन्नमय आदि पाँच कोश उपाधि नभएको शुद्ध साक्षिचैतन्य र तत्पदको लक्ष्य अर्थ हो माया उपाधि नभएको शुद्धचैतन्य, यसो गर्दा अकल्पित वशेष्य चैतन्य चैतन्यको एकता हुन कुनै बाधा पर्दैन । यसरी त्वं र तत् पदको शोधन गरे जीव ब्रह्मरूप हुन्छ ।

(भगवान् शंकराचार्यले जीव ईश्वरको लक्षण यसरो पनि दर्शाउनुभएको छ । अर्थात् अविद्या, त्यसमा परेको शुद्ध चैतन्यको प्रतिबिम्ब र कूटस्थ शुद्ध चैतन्य यी तीनको मिलन हो जीव । यो हो त्वं पदको वाच्य अर्थ । त्वं पदको शोधन गर्नु को अर्थ हो अविद्या र चैतन्यको प्रतिबिम्बलाई त्याग गरी विविक्त शुद्ध चैतन्यको मात्र अनुभव गर्नु । यही शुद्ध साक्षी चैतन्य हो त्वं पदको लक्ष्य अर्थ । त्यसै गरी माया, मायामा परेको शुद्ध चैतन्यको प्रतिबिम्ब र तिनको अधिष्ठान शुद्ध चैतन्य यो तीनको मिलन हो ईश्वर । यही हो तत्पदको वाच्य अर्थ । माया र त्यसमा परेको चैतन्यको प्रतिबिम्बलाई त्याग गरे शेष रूपमा केवल शुद्ध चैतन्य नै बाँकी रहन्छ । यो नै हो तत्पदको लक्ष्य अर्थ । दुवैको लक्ष्य अर्थलाई लिए एकता सिद्ध भइहाल्छ । यो विवेक-पूर्वकको ज्ञानबाट नै त्वं र तत् पदको एकता सिद्ध हुन्छ । जस्तो घटाकाश र मठाकाशको एकताको लागि घट र मठरूप दुवै उपाधिलाई त्याग्नुपर्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकात्मकत्वा ज्जहती न संभवेत्
तथा ऽ जहल्लक्षणता विरोधतः ।
सोयं पदार्था विव भागलक्षणा
युज्येत तत्त्वं–पदयो रदोषत : ।।२७।।

एकात्मकै खुद हुँदा जहती हुँदैन
बन्दा विरोध अजहत् पनि यो हुँदैन ।
त्यो यो पदार्थ सरि भाग त लक्षणा नै
योग्यै छ तत्पद र त्वं पदको मिलान ।।

लक्षणाको स्वरूप यहाँ बताइन्छ । जीव र ईश्वरको एक चैतन्य स्वरूप भएको हुनाले जहल्लक्षणा अर्थात् आफ्नो अर्थलाई छोड्ने लक्षणा यहाँ हुन सक्दैन । जहत्‌को अर्थ हो छोड्ने । जस्तो कसैले बाग्मतीमा मेरो घर छ भन्यो भने पानीको प्रवाहरूप बाग्मतीको बाच्य अर्थ मात्र गरे विरोध हुन जान्छ, किन भने पानीको प्रवाह बहिरहेको ठाउँमा कसैको पनि घर बन्न सक्दैन । यसै हुँदा जहल्लक्षणाद्वारा बाग्मतीको किनारमा भन्ने लक्ष्य अर्थ गर्नुपर्छ । पानीको प्रवाह-रूप वाच्य अर्थलाई छोडेको हुँदा यो जहल्लक्षणा हो । तर यहाँ जीव र ईश्वरको एक चैतन्यस्वरूप हुँदा त्यस्तो वाच्य अर्थलाई बिलकुल छोड्ने जहल्लक्षणा गर्नु हुँदैन । चैतन्यलाई नै छोडे त कसको एकता गर्ने ? त्यस्तै अजहल्ल-क्षणा अर्थात वाच्य अर्थलाई नछोड्ने लक्षणा पनि यहाँ गर्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मल्दैन। जस्तो कागहरूबाट दही रक्षा गर भन्दा रक्षक मानिसले कुकुर दही खान आयो भने पनि हटाउनुपर्छ। यहाँ काग भनेर दही नास्ने कागलाई नछोडी अरू सबै प्राणीलाई लिनुपर्छ। तर यहाँ विशेषण अर्थात् सर्व र अल्प, परोक्ष र अपरोक्ष आदिको मात्र त्याग भएकोले सर्वथा आफ्नो अर्थको त्याग भएको छैन। यसै हुँदा अजहल्लक्षणा पनि विरोध पर्ने हुनाले यहाँ हुँदैन अर्थात् जीव र ईश्वरको वाच्य अर्थरूप परस्परमा विरूद्ध अंश रहेको हुँदा अजहल्लक्षणा पनि हुन सक्दैन। यसैले त्यो यही हो भन्ने झैं भाग-लक्षणा अर्थात् भाग-त्याग-लक्षणा गर्नुपर्छ। केही कुरा लिने अनि केही कुरा छोड्ने लक्षणालाई भाग-त्याग-लक्षणा भन्छन्। बाटोमा कुनै मानिस झट्ट देख्दा यो उही पोहोर काशीमा देखेको देवदत्त हो भन्ने मनले विचार गर्दा काशीको धोती कमीज लाएको आदि विशेषण र यहाँको टुपी, कोट लगाएको आदि विशेषण छोडी बिशेष्य देवदत्तलाई मात्र लिइन्छ। यहाँ पनि सर्वज्ञ ईश्वरको सर्व परोक्ष आदि विशेषण र अल्पज्ञ जीवको अल्प आदि विशेषण हटाएमा विशेष्यको अर्थात् चैतन्य चैतन्यको एकता हुन्छ। यसरी भाग-लक्षणा गरे, 'तत्' र 'त्वं' पदको एकतामा दोष हुँदैन। उत्तम अधिकारीलाई गुरुबाट महा-वाक्यको श्रवण हुनासाथ ज्ञान भइहाल्छ। गुरु र शास्त्रको वाक्यमा पूरा श्रद्धा गर्ने चार साधन भएको उत्तम अधिकारी हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रसादि — पञ्चीकृत— भूत— संभवं
भोगालयं दुःख–सुखा–दि-कर्मणाम् ।
शरीर माद्यन्तव दादि-कर्म-जं
मायामयं स्थूल मुपाधि मात्मनः ॥२८॥

पाँचै मिसाइ पृथिवीहरूबाट बन्ने
गर्ने त भोग सुख दुःख, क्रियाहरूको ।
मर्ने र जन्म–युत प्राक्तन–कर्म–जात
हो देह मायिक निजी त उपाधि ठूलो ॥

(उपाधिहरू छोड्नाको लागि स्थूल अर्थात् मोटो उपाधि पहिले यहाँ बताइन्छ ।) पञ्चीकरण हो पाँच आकाश, वायु, तेज, जल, पृथिवी मिसाउनु । (पञ्चीकरण गर्ने तरीका यस किसिमको बताइन्छ । आकाशको दुइ भाग लगाएर एक भाग आकाशमा राखिन्छ । अर्को आधा भागको चाहिं चार भाग लगाएर एक भाग वायुमा, दोस्रो भाग तेजमा, तेस्रो भाग जलमा र चौथो भाग पृथिवीमा मिसाइन्छ । अरू वायु आदि चार महाभूतहरूको पनि आकाशको जस्तै गरी भाग लगाइन्छ । यसरी आकाश, वायु, तेज, जल र पृथिवीहरू मिसाउनुलाई पञ्चीकरण भन्दछन् ।) पञ्चीकरण गरिएका पृथिवी आदि पाँच महाभूतवाट पैदा भएको, पाप र पुण्यबाट पैदा हुने, दुःख र सुख रूप भोगको घर भएको, उत्पत्ति र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाश हुने पहिले गरिएका कर्महरूबाट खडा भएको, मूल कारण माया भएको यो स्थूल शरीर आत्माको मोटो उपाधि हो। (यसै हुँदा यो स्थूल शरीर आफू होइन।)

सूक्ष्मं मनो–बुद्धि–दशे–न्द्रियै र्युतं
प्राणै रपञ्चीकृत–भूत–संभवम् ।
भोक्तुः सुखादे रनुसाधनं भवेच्
छरीर मन्यद् विदु रात्मनो बुधाः ॥२९॥

हो सूक्ष्म देह मन, बुद्धि, दशेन्द्रियैले
संयुक्त प्राणहरूले पनि फेरि भन्छन् ।
जो हुन्छ साधन सुखादि त भोग गर्दा
उत्पन्न पांच त अमिश्रित भूतबाट ॥

आत्माको सूक्ष्म उपाधि यहाँ बताइन्छ। यसलाई लिङ्ग शरीर पनि भन्छन्।) संकल्प गर्ने मन, निश्चय गर्ने बुद्धि, तथा दश इन्द्रिय अर्थात् कर्ण (कानमा रहने इन्द्रिय) त्वक् (छालामा रहने इन्द्रिय) नेत्र (आँखामा रहने इन्द्रिय) घ्राण (नाकमा रहने इन्द्रिय) रसना (जिब्रोमा रहने इन्द्रिय) वाक् (बोल्ने इन्द्रिय) हात खुट्टा पायु, उपस्थ र पाँच प्राण भएको, (अर्थात् यो सत्र चीजको जमात) जो पञ्चीकरण नगरिएको पाँच महाभूत अर्थात् आकाश, वायु, तेज, जल र पृथिवीको तन्मात्राबाट पैदा भएको, जीवको सुख, दुःख आदिको साधन भएको आत्माको दोस्रो उपाधि सूक्ष्म शरीर हो। यसैले यो आत्मा होइन। (चित्त र अहंकार यहाँ मन र बुद्धि भित्र नै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्तर्भूत ठानिएका छन् । तर कसैले चित्त र अहंकार समेत को परिगणन गरी उन्डाइसको जमातलाई सूक्ष्म शरीर भनेका छन् ।

अनाद्य निर्वाच्य मपी ह कारणं
माया-प्रधानं तु परं शरीरकम् ।
उपाधि-भेदात्तु यतः पृथक् स्थितं
स्वात्मान मात्मन्यवधारयेत् क्रमात् ॥२०॥

निर्वाच्य होइन अनादि छ फेरि जो ता
माया–प्रधान अनि कारण हो शरीर ।
जो भिन्न हो सब उपाधि–विभेदबाट
आत्मा छ त्यो भनि गरोस् मनमा अठोट ॥

(ईश्वरको उपाधि यहाँ बताइन्छ ।) आदि नभएको (तर ज्ञानद्वारा नाशिने, सत् अथवा असत् भनेर वचनद्वारा भन्न नसकिने, सारा प्रपञ्च पैदा गर्ने कारणस्वरूप भएको माया उत्कृष्ट शरीर हो । उपाधिका भेदले अर्थात् अन्तःकरण र मायाका भेदले एउटै चैतन्य भिन्न जस्तो भई जीव र ईश्वर भन्ने भेद-बुद्धिको विषय भएको छ । यसै हुँदा लक्षणाद्वारा उपाधिको त्याग गरेर आफ्नो आत्मालाई क्रमैले अर्थात् श्रवण, मनन, निदिध्यासनको क्रमले अखण्डित अन्तःकरणमा अभेदरूपले बुझोस् । कुनै टीकाकारले यो कारण पनि जीवको नै तेस्रो उपाधि हो भनी अर्थ गरेका छन् । कसैले चाहिं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संसारको कारण सूक्ष्म शरीर हो भनी ती दुइ : पाधिबाट भिन्न स्वभाव भएको आत्मालाई धीरे धीरे जान्नुपर्छ भनेका छन् ।)

कोशेष्वयं तेषु तु तत्तदाकृति
विभाति सङ्गात् स्फटिकोपलो यथा ।
असंगरूपो ऽ य मजो यतोऽद्वयो
बिज्ञायते ऽस्मिन् परितो विचारिते ॥३१॥

ती पाँच कोशहरुमा तिन कैं भएर
भान्नै हुने स्फटिक नै सरि सङ्गबाट ।
आत्मा असङ्ग अज अद्वय—रूप आत्मा
जानिन्छ यो सब विचार गरे यथार्थं ॥

(यहाँ माथि बताएको विचारको फल बताइन्छ ।) अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय यी पाँच कोश हुन् । स्थूल शरीरलाई अन्नमय कोश भन्दछन् । प्राण अपान, उदान, समान र व्यान यी पाँच प्राण तथा पाँच कर्मेन्द्रियलाई प्राणमय कोश भन्छन् । मन र पाँच ज्ञानेन्द्रिय-लाई मनोमय कोश भन्छन् । बुद्धि र पाँच ज्ञानेन्द्रियलाई विज्ञानमय कोश भन्छन् । सगुण आनन्दलाई आनन्दमय कोश भन्छन् । सत्त्व, रज र तमका भेदले त्यो तीन किसिमको छ । स्थिर बुद्धिको प्रसन्नताबाट भएको सुखलाई सात्विक भन्छन् । विषय र इन्द्रियको संयोगबाट हुने सुख राजस हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निद्रा, आलस्य र प्रमादबाट भएको सुख चाहिँ तामस हो। यी पाँच कोशहरूमा त्यही त्यही आकारले अर्थात् ती कोशहरू जस्तै भएर यो आत्मा अज्ञानीलाई भान हुन्छ। जस्तो स्फटिक जुन रङ्को उपाधि नजिकमा छ उस्तै देखिन्छ। जपा पुष्प नजीकमा भयो भने रातो जस्तो देखिन्छ। नील कमल नजिकमा छ भने नीलो जस्तो देखिन्छ। त्यस्तै अन्नमय कोशको संगबाट मोटो, दुब्लो इत्यादि भान हुन्छ। प्राणमय कोशको संगबाट भोको, तिर्खाउनु इत्यादि भान हुन्छ। मनोमय कोशको संगबाट संकल्पकर्ता, सुखी, दुःखी इत्यादि भान हुन्छ। विज्ञानमय कोशको संगबाट कर्ता निश्चयकर्ता भान हुन्छ। आनन्दमय कोशको संगबाट भोक्ता भन्ने भान हुन्छ। तर महावाक्य राम्ररी विचार गरेमा अनि शरीरहरूदेखि आत्मा भिन्न हो भन्ने विचार गरेमा यो आत्मा कसैसँग नमिलेको नजन्मने र एक भन्ने बुझिन्छ।

बुद्धेस्त्रिधा वृत्ति रपीह दृश्यते
स्वप्नादि–भेदेन गुण–त्रया–त्मनः।
अन्योन्यतोऽस्मिन् व्यभिचारतो मृषा
नित्ये परे ब्रम्हणि केवले शिवे ॥३२॥

स्वप्नादि–भेद–मय हो जुन तीन वृत्ति
त्यो ता गुणत्रयमयै खुद बुद्धिको हो।
ती हुन् परस्पर झुटा व्यभिचार–युक्त
यो नित्य केवल सदाशिव ब्रम्हमा त ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(जाग्रत् आदि अवस्था बुद्धिको धर्म हो आत्माको होइन भन्ने यहाँ बताइन्छ ।) यी आत्मामा जाग्रत्, स्वप्न र सुषुप्तिका भेदले जुन तीन किसिमको वृत्तिको भान हुन्छ त्यो पनि सत्त्व, रज र तम यी तीन गुणरूप भएको बुद्धिको धर्म हो । तर यी तीन अवस्थाको परस्परमा व्यभिचार भएकोले अर्थात् एक अवस्थामा अर्को अवस्था नरहेकोले (जस्तो रजो गुणी स्वप्न र तमोगुणी सुषुप्तिमा सत्त्वगुणी जाग्रत् रहँदैन, त्यस्तै स्वप्नमा जाग्रत् र सुषुप्ति रहँदैन अनि सुषुप्तिमा जाग्रत् र स्वप्न छैन ।) तर आत्मा नित्य अर्थात् उत्पत्ति र नाशले रहित सँधै रहिरहने वस्तु हो, तीन गुणदेखि पर हो, व्यापक हो, केवल अर्थात् असंग हो, शिव अर्थात् आनन्द-रूप हो । यस्तो एक-रस आत्मामा तीन अवस्था छैनन् । आत्मा त यी नाशवान् तीन अवस्थाको प्रकाशक मात्र हो । (यसरी केलाएमा विवेकी पुरुषलाई जाग्रत्का सुख, दुःख आदिले छुँदैन र निर्विकार भएर रहन्छन् । वास्तवमा जाग्रत् आदि अवस्था भएकै होइन । जस्तो डोरीमा भान भएको सर्प, माला लट्ठी जलधारा इत्यादि कुनैपनि होइन ।

देहेन्द्रिय—प्राण—मन—श्चिदात्मनां
संघा दजस्रं परिवर्तते धियः ।
वृत्ति स्तमो—मूलतया ऽ ज्ञलक्षणा
यावद् भवेत्तावदसौ भवोद्भव : ।।३३।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चैतन्य, इन्द्रिय, शरीर मनै र प्राण
संघातबाट अनि चल्दछ बुद्धि–वृत्ति ।
अज्ञान–लक्षण तमो–गुण–मूलताले
हुन्जेल वृत्ति, भव–जन्म हुँदै रहन्छ ।।

(यो श्लोकमा छोड्नको लागि संसारको मूल कारण भएको वृत्ति बताइन्छ) शरीर-स्थूल, सूक्ष्म, कारण शरीर; ज्ञानेन्द्रिय पाँच, कर्मेन्द्रिय पाँच, पाँच प्राण, मन, बुद्धि, चित्त, अहंकार र चैतन्य आत्माको समूहबाट (यी सब मिलेर तादात्म्य अध्यासले गर्दा) बुद्धिको वृत्ति हर बखत परिवर्तन भइरहन्छ अर्थात् विभिन्न विषयमा तदाकार भइरहन्छ। जहिले सम्म वृत्तिले घट, पट आदि पदार्थको ग्रहण गर्छ त्यस-वेलासम्म त्यो अज्ञानरूप मानिन्छ, किनभने तमोगुणको मूल आवरण–शक्ति रहेको छ। तमो–मूल शब्दले रजो–मूल पनि मानिन्छ। आवरण शक्तिले स्वरूप आवृत हुनासाथ रजो-मूल विक्षेप शक्तिले चित्तको चंचलता भइहाल्छ। जबसम्म रजो-गुण र तमोगुणले व्याप्त वृत्तिद्वारा आफ्नो स्वरूपको उल्टो धारणा र विषयको चिन्तन भइहाल्छ तबसम्म यो झूटो संसार साँचो झैं भएर जन्म र मृत्युको चक्र चलिरहन्छ।

नेति प्रमाणेन निराकृताखिलो
हृदा समास्वादित–चिद्घनामृतः ।
त्यजे दशेषं जग दात्त–सद्रसं
पीत्वा यथांभः प्रजहाति तत्फलम् ।।३४।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो हैन हैन कहने श्रुतिबाट सारा
त्यागेर चिद्-अमृतको रस-पान गर्दै ।
छोडोस् जगत् सब चुसेर रसै मजाको
छोक्रा त छोड्छ जसरी रस ली फलैको ॥

(महावाक्य-विचारको कर्तव्य यहाँ बताइन्छ ।) पहिलो नेतिले कार्य छैन भन्ने र दोस्रो नेतिले कारण पनि छैन भन्ने वेदवाक्यको प्रमाणद्वारा सारा जगत् झूटो हो भन्ने निश्चय गरेर हटाई सत्वगुणी मनले राम्ररी चैतन्यघन-रूप अमृतको स्वाद लिएर अर्थात् दुःख नमिसिएको सुखको अनुभव गरेर चैतन्यरूप रस चुसी सारा नाम-रूप जड जगत्लाई छोडोस् । जस्तो उखु आदि फलको रस चुसेर छोक्रा थुकिन्छ । त्यसै गरी विषयाकार वृत्ति अर्थात् झूटो विषयको कुरा नउठाएर आत्माकार वृत्तिको प्रवाह चलाई आनन्दको रस लेओस् । अन्त्यमा सारा नाम र रूपमा आस्था नराखी सबै जगत् ब्रह्म-रूप देखोस् ।

कदाचिदात्मा न मृतो न जायते
न क्षीयते नापि विवर्धतेऽनवः ।
निरस्त-सर्वा-तिशयः सुखात्मकः
स्वयंप्रभः सर्वगतोऽयमद्वयः ॥३५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मा न मर्छ कहिले न त जन्म लिन्छ
न क्षीण हुन्छ न त बढ्छ नयाँ त हैन ।
छैनन् विशेषण कुनै सुखरूप हो ऊ
हो स्वप्रकाश अनि व्यापक एक मात्र ॥

(वैराग्यका निंति जगत् अनित्य हो भन्ने देखाएर जन्मन्छ, छ, परिणामी छ, बढ्छ, घट्छ, नष्ट हुन्छ यी छ विकारले रहित भएको आत्मा नित्य सुखरूप छ भन्ने यहाँ देखाइन्छ।) कैले पनि आत्मा मर्दैन, जन्मदैन, घट्दैन, बढ्दैन, नयाँ हुँदैन अर्थात् जन्मान्तर नभएकोले आत्मा नयाँ हुँदैन। यसै हुँदा यो परिणामी पनि होइन। आत्मादेखि भिन्न जड वस्तु त छ किसिमको विकारले युक्त छ। सारा अतिशय अर्थात् विशेषपणले रहित छ। अर्थात् ठूलो पनि होइन, सानो पनि होइन, लामो पनि होइन, छोटो पनि होइन। अनि आत्मा अखण्ड आनन्द-स्वरूप र प्रकाश अर्थात् आफै प्रकाश स्वरूप छ। (शरीर इन्द्रिय इत्यादि सारा जड त परप्रकाश्य अर्थात् अरूले प्रकाश गरिने र दुःखरूप हुन्) आत्मा सर्वगत अर्थात् सर्वत्र रहनाले व्यापक छ अनि अद्वय अर्थात् दुइ होइन किन्तु एक छ।

एवंविधे ज्ञानमये सुखात्मके
कथं भवो दुःखमयः प्रतीयते ।
अज्ञानतोऽध्यासवशात् प्रकाशते
ज्ञाने विलीयेत विरोधतः क्षणात् ॥३६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तो सुखात्मक र केवल बोधबाट
संसार दुःखमय यो हुन जान्छ केले ?
अज्ञानबाट भुलले हुन जान्छ विश्व
ज्ञानै भए तर बिलाउँछ उत्तिखेर ।।

(त्यस्तो विकारले रहित ज्ञानमय अनि आनन्दस्वरूप आत्मामा कसरी विकारी, जड र दुःखरूप जगत्को भान भयो भन्ने शंकाको जवाफ यो श्लोकमा दिइन्छ ।) यस्तो ज्ञान र सुखरूप आत्मामा कसरी दुःखरूप संसार पैदा भयो भन्दा जवाफ हो अज्ञानबाट । अर्थात् यथार्थ आत्म-स्वरूपको ज्ञान नहुँदा त्यही अज्ञानमूलक अध्यासबाट । अनि आफू नभएको मन, प्राण, इन्द्रिय, शरीरलाई आफू भन्न थाल्छ । (जस्तो डोरी भन्ने यथार्थ ज्ञान नहुँदा सर्पको भान हुन्छ ।) तर विशेष ज्ञान र अज्ञानको विरोध भएको हुँदा ज्ञानले अर्थात् आत्मालाई यथार्थ जान्नाले छिनमा नै अज्ञान नष्ट हुन्छ । (यसैले मनुष्यको पुरुषार्थ हो आत्मज्ञान गर्नु ।)

यदन्य दन्यत्र विभाव्यते भ्रमा
दध्यास मित्याहु रमुं विपश्चितः ।
असर्पभूते ऽ हि-विभावनं यथा
रज्वादिके तद्वदपीश्वरे जगत् ॥३७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो भास्छ एक चिजमा अरु भूलबाट
अध्यास हो त्यहि भनेर सिपालु भन्छन् ।
जो सर्प हुँन त्यस डोरितिरै त सर्प
भानै भए सरि त ईश्वरमा जगत् हो ।।

यदि अर्को कुरा (सर्प आदि) अर्को वस्तुमा (डोरी आदिमा) भ्रमले भान हुन्छ भने यस्तोलाई विद्वान्हरू अध्यास भन्छन् । जस्तो सर्प नभएको डोरी आदिमा सर्पको भ्रम हुन्छ । त्यस्तै ईश्वरमा पनि जगत् शरीर आदि सारा संसारको भ्रम ईश्वरको (आफ्नो) यथार्थ स्वरूप नजान्नाले हुन्छ ।

विकल्प–माया–रहिते चिदात्मके
हंकार एष प्रथमः प्रकल्पितः ।
अध्यास एवात्मनि सर्वकारणे
निरामये ब्रम्हणि केवले परे ।।३८।।

माया–विकल्प–रहितै अनि चित्स्वरूप
आत्मा निरामय छ कारण हो सबैको ।
त्यो ब्रम्ह केवल त हो त्यसमा भ्रमैले
पैली अहंकृति खडा त भयो अकस्मात् ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सारा विकल्पको कारण जो माया हो त्यसले रहित भएका, अनि साराका कारण, फेरि निरामय अर्थात् दुःख नमिसिएको आनन्दस्वरूप, केवल अर्थात् सारा विकारले शून्य व्यापक परब्रह्ममा पहिलो अर्थात् समष्टि अहंकारको भावना नै अध्यास हो। (यसैलाई परमात्माको ईक्षण, संकल्प, संवेदन आदि पनि भन्छन्। यही नै जगत्को सृष्टिको कारण हो। पछि यसैबाट व्यष्टि अहंकार खडा हुन्छ। यसको नाशका लागि मनुष्यले संकल्प विकल्प हटाउने अभ्यास क्रमैसँग गर्दै गयो भने यो अहंकारको नाश गर्न सक्तछ। (जगत् मिथ्या हो र आफू पूर्ण चैतन्यस्वरूप हो भन्ने भावना दृढ भए अहंकार नष्ट हुन्छ।)

इच्छादि–रागादि–सुखादि-धर्मिका :
सदा धियः संसृति–हेतवः परे ।
यस्मात् प्रसुप्तौ तदभावतः परः
सुख–स्वरूपेण विभाव्यते हि नः ॥३९॥

इच्छाहरू सुखहरू अनि राग आदि
हुन् बुद्धि–धर्म सब संसृतिका त हेतु ।
सुत्दा त बुद्धिलय हुन्छ र एक आत्मा
आनन्दरूप प्रकटै हुन जान्छ हाम्रो ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संसार बुद्धिमा रहेको हो, आत्मामा छैन भन्ने विवेक अन्वय र व्यतिरेक नियमद्वारा यहाँ देखाइन्छ।) परमात्मामा कल्पित हुन गएको यो संसारको कारण हो इच्छा, उपेक्षा, राग, द्वेष, सुख, दुःख आदि द्वन्द्वले युक्त बुद्धि नै। त्यसै सँग मिलेर जीव सुखी दुःखी बनिरहन्छ। (आत्मामा पहिले बुद्धिको अध्यास हो स्वरूपाध्यास। पछि इच्छा आदि बुद्धिका धर्मको अध्यास हो संसर्गाध्यास। 'अहंमा 'इदं' हो स्वरूपाध्यास। 'अहं' को 'इदं' संग संबन्ध हो संसर्गाध्यास। अहंमा अर्थात् आत्मामा इदं अर्थात् जगत् तीनै कालमा छैन। जस्तो डोरीमा सर्पको भान हो स्वरूपाध्यास। डोरीको मोटाइ र लमाइ हो संसर्गाध्यास। बुद्धि रहुन्जेल संसार रहिरहन्छ भन्दा अन्वय नियम हुन जान्छ। पछि बुद्धि नभए संसार रहँदैन भन्ने व्यतिरेक नियम अब देखाइन्छ।) सुतेको अवस्थामा बुद्धिको वृत्ति नहुनाले हामीलाई खालि सुखस्वरूपको भान हुन्छ। (त्यो वेलामा त्यो सुख भन्न नसके पनि ब्यूँझेपछि आनन्दसँग सुतें भन्ने स्मृति हामीलाई हुन्छ। इच्छा आदि नै संसारको बन्धन हो भन्ने यहाँ बताइयो। यसै हुँदा विवेकद्वारा इच्छा आदि छोड्नु नै मुक्तिको उपाय हो।

अनाद्य-विद्योद्भव-बुद्धि-बिबितो
जीवः प्रकाशोऽयमितीर्यते चितः।
आत्मा धियः साक्षितया पृथक्स्थितो
बुद्ध्या परिच्छिन्न-परः स एव हि ॥४०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अज्ञानले प्रकटितै मतिमा परेको
चैतन्य को त प्रतिबिंब कहिन्छ जीव ।
आत्मा पृथक् छ मतिको त भएर साक्षी
त्यो बुद्धि–सीमित हुँदैन परै हुनाले ॥

अनादि जो अविद्या हो त्यसबाट पैदा भएको बुद्धिमा प्रतिबिंब परेको चैतन्यको प्रकाश नै जीव भनिन्छ । आत्मा चाहिं बुद्धिको साक्षी रूपले अलग रहेको छ । बुद्धिले परिच्छिन्न जस्तो देखिए पनि आत्मामा बुद्धिका धर्महरूको संग छैन । अन्तर्यामीरूपले ऊ सर्वत्र रहेको छ । जस्तो घटाकाश घटरूपी उपाधिभित्र रहे पनि घटको धर्मले छोइएको हुँदैन । यसै हुँदा आत्मा बुद्धिको परिच्छेददेखि रहित छ । बुद्धिदेखि उत्कृष्ट छ । तर त्यो जीव परमात्मा नै हो । (जस्तो ऐनामा देखिएको मुखको प्रतिबिंब आफ्नो घाँटी माथिको बिंबरूप नै हो । त्यसै ज्ञानद्वारा प्रतिबिंबको आधार अविद्या र अन्तःकरण हटेपछि जीव पनि परमात्मा भइहाल्छ ।

चिद्-बिंब-साक्ष्यात्म-धियां प्रसङ्गतस्
त्वेकत्र वासा दनला-क्त-लोहवत् ।
अन्योन्य मध्यास–वशात् प्रतीयते
जडाजडत्वं तु चिदात्म-चेतसो: ॥४१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो जीव साक्षि अनि बुद्धि–प्रसङ्गबाट
एकत्र वास भइ तप्त फलाम जस्तै ।
अध्यास आपस हुँदा जड छ आत्मा
देखिन्छ फेरि अजडै सरि बुद्धिचाहिँ ॥

(अब बुद्धि र आत्माको परस्परको अध्यासले परस्परको धर्मको भान हुन्छ भन्ने दृढताको लागि चित् र जडको मिलन देखाइन्छ ।) चित् नै हो बिंब जसको भन्ने समास गर्दा चिद्बिंबको अर्थ चैतन्यको प्रतिबिंब भन्ने हुन जान्छ । त्यो प्रतिबिंब जीव, साक्षी आत्मा र बुद्धि एकै ठाउँमा रहेका हुनाले परस्परको अध्यास हुन जाँदा बुद्धि चेतन जस्तो र आत्मा जड जस्तो भान हुन्छ । यहाँ कसैले चित्, बिंब, साक्षी, आत्मा भनेर चैतन्यरूप आत्मालाई मात्र लिई आत्मा र बुद्धिको प्रसङ्ग भनेका छन् । कसैले चाहिँ साक्षात्मधियां पाठ लेखी साक्षको अर्थ इन्द्रियसहित भन्ने पनि लेखेका छन् । जस्तो आगोमा तताएको फलामको डल्लो रातो र तातो देखिन्छ । रातो र तातो हुनु आगोको धर्म हो । त्यो कुरा फलाममा आरोप गरिन्छ । अनि डल्लो आकार फलामको धर्म हो । त्यो चाहिँ आगोमा आरोप गरिन्छ ।

यसरी नै जड बुद्धि पनि चेतन जस्तो र चैतन्यरूप आत्मा चाहिँ जड जस्तो अज्ञानीलाई भान हुन्छ अनि अनात्म बुद्धिहरूका साथ तद्रूप भएर म कर्ता हुँ; म भोक्ता हुँ भन्ने यस्तो मोह हुन्छ । बुद्धिको नजीकै रहेकोले अकर्ता आत्मामा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्तृत्व-भाव पैदा हुन्छ । यहाँ जड बुद्धि र चैतन्यरूप आत्माको मिलन छ । यसै गरी म सुखी हुँ, म दुःखी हुँ इत्यादि चित् र जडको मिलनकै फल हो । अफ यस्तो अहंताले नपुगी मेरो छोरा मेरो धन इत्यदि ममता समेत बढाउँछ र जीव संसारचक्रमा घुमिरहन्छ । यस्तो परस्परको अध्यासलाई अन्योन्याध्यास भन्छन् । भगवान् शंकराचार्य भन्नुहुन्छ, 'आत्माको सत् र चित् अंश अनि बुद्धिको वृत्ति यी दुई मिलेपछि जान्दछु भन्ने भावना हुन्छ ।' आत्माको विकार कहिल हुँदैन । बुद्धिमा चैतन्य कहिले पनि छैन । तै पनि जीव म कर्ता म द्रष्टा भनी मुग्ध हुन्छ । यसबाट उद्धारको लागि हामीलाई विवेक र विचारको आवश्यकता पर्दछ । बुद्धि कति हो, जीव के हो ? आत्मा कति हो इत्यादि केलाएर जड अंशलाई छोडी चैतन्य मात्र भएर रहने दृढ अभ्यास गर्नु पर्छ ।

गुरो : सकाशादपि वेदवाक्यत :
संजात-विद्या-नुभवो निरीक्ष्य तम् ।
स्वात्मान मात्मस्थ मुपाधि-वर्जितं
त्यजेदशेषं जड मात्म-गोचरम् ॥४२॥

आचार्यबाट र बुझेर त वेदवाक्य
सद् ज्ञानको अनुभवै गरि चित्त–संस्थ ।
आत्मा त हेरि विधिसाथ उपाधिहीन
छोडोस् सबै विलकुलै जड दृश्य आफ्ना ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(शरणमा परेपछि ज्ञानी गुरुले उपदेश दिनुहुन्छ, तिमी स्थूल शरीर, सूक्ष्म शरीर र कारण शरीर होइनौ, किनकि यी तिनौटै जड हुन् । जाग्रत् आदि अवस्था तिम्रा होइनन् , तिमी बुद्धिवृत्तिका प्रकाशक हौ, कहिले नाश नहुने सनातन शुद्ध चैतन्य वस्तु तिमी हौ) यसरी तत्त्वमसि आदि महावाक्यको श्रवण गरी मनन र निदिध्यासनद्वारा ज्ञानरूप आत्माको अनुभव गर्दै आफ्नै हृदयमा रहेका, उपाधिले रहित आत्माको साक्षात्कार गरेर सारा जड दृश्यलाई छोडोस् । अनि निरतिशय आनन्दको अनुभव हुनजान्छ । गुरु विना अनि ईश्वरको अनुग्रह बिना ज्ञान हुँदैन । शिष्यको पुरुषार्थ त आवश्यक छँदै छ ।

प्रकाशरूपोऽ हमजोऽ हमद्वयो
ऽ सकृद्विभातो हमतीव निर्मलः ।
विशुद्ध--विज्ञान--घनो निरामयः
संपूर्ण आनन्दमयोऽ हमक्रियः ॥४३॥

अद्वैत जन्मरहितै म प्रकाशरूप
अत्यन्त निर्मल निरन्तर भासमान ।
संपूर्ण बोधघन हुँ म उपाधिहीन
आनन्दरूप अनि कर्म कुनै नगर्ने ॥

(जान्न लायक आत्माको स्वरूप अब दुई श्लोकले बताइन्छ ।) म प्रकाशरूप हुँ अर्थात् बिषय जस्तै चित्त-वृत्ति को सहायताले अरूले प्रकाश गरिने होइन किन्तु स्वयंप्रकाश

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुँ अनि अध्यस्त संकल्प विकल्प आदिको प्रकाशक हुँ । अजः अर्थात् जन्म आदिले रहित हुँ । अद्वय अर्थात् दोस्रो सजातीय नभएको छु । असकृत् विभातः अर्थात् सँधै आफै प्रकाशमान छु (सूर्य र चन्द्रमाहरूको पनि आत्मामा गम पुग्दैन बरु सूर्य चन्द्रहरू आत्माले प्रकाशित छन् ।) म ज्यादै निर्मल छु अर्थात् मायाले गराएको आवरण र विक्षेप ममा छैन । विशुद्ध चैतन्य अनुभव-स्वरूप म हुँ । निरामय अर्थात् कर्तृत्व आदि अभिमानले रहित म छु । संपूर्ण अर्थात् देश, काल आदिको परिच्छेद ममा छैन । म आनन्द रूप हुँ । म शुद्ध चैतन्यमा कुनै क्रिया छैन । म संसारी जीव हैन ।

सदैव मुक्तोऽह मचिन्त्य-शक्तिमा
नतीन्द्रिय-ज्ञान मविक्रियात्मकः ।
अनन्तपारोऽह महर्निशं बुधै
र्विभावितोऽहं हृदि वेदवादिभिः ।।४४।।

मुक्तै सँदै हुँ म अचिन्तित शक्ति-युक्त
त्यागने विकार अनि इन्द्रियको अतीत ।
पारै अनन्त श्रुतिमा निपुणैहरूले
रातोदिनै हृदयमा खुद भावितै हुँ ।।

म सँदै अर्थात् भूत, वर्तमान र भविष्यत् यी तीनै कालमा मुक्त छु । मेरो शक्ति यत्ति भनेर चिन्तन गर्न सकिंदैन । इन्द्रियको विषय नभएको ज्ञानस्वरूप म हुँ । ममा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै विकार छैन अर्थात् म परिणामी होइन। अन्त र पार नभएको छु अर्थात् देश र कालको परिच्छेददेखि रहित छु। वेदको मर्म बुझेको पण्डितहरूले हृदयमा रातदिन भावना गरिन्छु।

एवं सदात्मान मखण्डितात्मना
विचारमाणस्य विशुद्ध–भावना ।
हन्या दविद्या मचिरेण कारकै
रसायनं यद्व दुपासितं रुज : ॥४५॥

यस्तो निरन्तर अखण्डित वृत्तिले नै
गर्दा विचार हुन जान्छ विशुद्ध भाव ।
त्यल्ले त नास्दछ सकार्य छिटो अविद्या
खाँदा रसादि जसरी सब रोग नास्छ ॥

(भावनाको फल यहाँ बताइन्छ।) यसरी अर्थात् माथिका दुइ श्लोकमा बताएअनुसार सँदै अखण्डित रूपले अर्थात् बीच बीचमा विषयको चिन्तन गर्ने जीव–भावले खण्डित नभई तेलको धारा जस्तै अटूट विचार गर्ने मुमुक्षुको हृदयमा ज्यादै शुद्ध भावना अर्थात् म ब्रह्म हुँ भन्ने भावनाको दृढ संस्कार ब्रह्माकार वृत्ति हुन जान्छ र कारक अर्थात् जन्मान्तर गराउने कर्महरूका साथ अविद्या अर्थात्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अज्ञानलाई छिटै नाशिदिन्छ । जस्तो रसादि ओखतीको सेवन गर्नाले रोग नष्ट हुन्छ ।

विविक्त आसीन उपारतेन्द्रियो
विनिर्जितात्मा विमलान्तराशयः ।
विभावये देक मनन्य--साधनो
विज्ञान-दृक् केवल आत्मसंस्थित : ।।४६।।

एकान्तमा रहनु इन्द्रियलाई रोकी
चित्तै जिती विमल आशय नै तुल्याई ।
छोडेर साधन अरू लिइ ज्ञान–दृष्टि
होस् आत्म-सं स्थित र केवल एक होओस् ।।

(ध्यान गर्ने तरीका दर्शाउँदै सविकल्प समाधि यहाँ बताइन्छ) कोही पनि मानिस नभएको एकान्तमा पद्मासन सुखासन आदि आसनमा बसेर, इन्द्रियहरूलाई विषयबाट हटाई अर्थात् शम, दम आदि साधन लिएर प्राणायाम आदि द्वारा मनलाई जितोस् । एकाग्र भई अन्तःकरण शुद्ध गराओस्, आत्माकारको प्रवाह चलाइरहोस् । अनन्यसाधन होस् अर्थात् तत्त्वज्ञानदेखि भिन्न अरू साधनलाई छोडी, केवल अर्थात् असंग भएर एक आत्माको ध्यान गरोस् अर्थात् केवल आत्मामा स्थित होस् । अर्थात् सविकल्प समाधिमा रही चित्त ब्रह्माकार तुल्याई विशिष्ट ज्ञानको अनुभव गरिरहोस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(सामान्य ज्ञानले अज्ञानको नाश गर्न सक्दैन । जस्तो सामान्य सूर्यको तेजबाट आगो निस्कँदैन, किन्तु सूर्यकान्त आदिमा परेको विशेष तेजबाट आगो निस्कन्छ त्यस्तै ब्रह्माकार वृत्तिमा प्रतिफलित ज्ञानले अज्ञानको नाश गरिन्छ । सामान्य ज्ञानले त अभ्र अज्ञानलाई सिद्ध गरिरहन्छ) सविकल्प समाधिको विषयमा सर्व-वेदान्त-सिद्धान्त-सार-संग्रह ८२० मा भगवान् शंकराचार्य भन्नुहुन्छ, 'ज्ञाता आदि त्रिपुटीको विलय नभए पनि केवल ज्ञेय ब्रह्ममा तदाकार भएर चित्तवृत्तिको स्थिति हो सविकल्प समाधि। जस्तो माटोको हात्तीमा माटो मात्रको भान भए पनि हात्तीको भान हुन्छ।

विश्वं यदेतत् परमात्म-दर्शनं
विलापयेदात्मनि सर्वकारणे ।
पूर्णः शिवदानन्दमयो ऽवतिष्ठते
न वेद वाह्यं न च किंचिदान्तरम् ।।४७।।

जो यो जगत् छ सब त्यो परमात्म–रूप
भन्ने बुझी सकल कारणमा बिलाओस् ।
आनन्द चिन्मय र जो परिपूर्ण हुन्छ
जान्दैन बाहिर कुनै अनि भित्र केही ।।

परमात्मा नै प्रकाशक भएको यो सारा विश्वलाई उसकै मुहान अर्थात् साराको कारण भएको आत्मामा लय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गराइदेओस्) (जस्तो घैंटो, गाग्रो, ह्यांपो आदि सारा माटाका भाँडाहरू माटो मात्र हुन् भन्ने बुझेपछि उपादान कारण भएको माटोमा विलीन हुन्छन् । त्यसै गरी सारा कार्य र कारणरूप प्रपञ्चलाई आत्मामा विलीन गराइदेओस् ।) अनि मुमुक्षु त पूर्ण अर्थात् देश, काल आदिदेखि रहित भएर चैतन्य र आनन्दरूप भई निर्विकल्प समाधिमा रहनुहुन्छ । ज्ञाता, ज्ञान, ज्ञेय आदि त्रिपुटीले रहित भएर ब्रह्म मात्र भएकोले बाहिरको शब्द, स्पर्श आदि उहाँ थाहा पाउनु हुन्न । (सर्व वेदान्त सिद्धान्त सार संग्रहमा भगवान् शंकराचार्य भन्नुहुन्छ, 'ज्ञाता आदि त्रिपुटीले रहित भएर ज्ञेय मात्रमा मनको दृढ स्थिति हो निर्विकल्प समाधि । अर्थात् मन ब्रह्मरूप हुन्छ । जस्तो पानीमा हालको नून विलाउँछ र पानी मात्र हुन्छ ।

पूर्वं समाधे रखिलं विचिन्तये
दोंकार-मात्रं सचराचरं जगत् ।
तदेव वाच्यं प्रणवो हि वाचको
विभाव्यते ऽज्ञान-वशा न्न बोधतः ॥४८॥

गर्नू विचार त अगाडि समाधिभन्दा
ठानोस् चराचर जगत् प्रणवस्वरूप ।
त्यो वाच्य हो प्रणववाचक हो परन्तु
अज्ञानबाट छ, रहन्न भए त बोध ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(सविकल्प समाधि हुनु भन्दा अगि गर्नुपर्ने कर्तव्य यहाँ बताइन्छ ।) सविकल्प समाधि हुनु भन्दा अगि चर र अचर सारा जगत् प्रणवमा अन्तर्भूत अर्थात् रहेको छ भन्ने ठानोस् । त्यो जगत् नै प्रणवको वाच्य अर्थ हो । प्रणवचाहिँ वाचक अर्थात् बताउने हो । तर यो वाच्य र वाचक भावको भेद अज्ञानबाट भएको हो । बोध अर्थात् आत्म-ब्रह्मको ज्ञान भएपछि यो वाच्य-वाचक-भाव रहँदैन । हुनत 'तस्य वाचकः प्रणवः' भनेको हुँदा यो प्रणव परमात्माको पनि वाचक हो । तर परमात्मामा कल्पित जगत् पनि परमात्मादेखि भिन्न होइन । जस्तो डोरीमा देखिएको सर्प डोरीदेखि भिन्न होइन प्रश्नोपनिषद्को पञ्चम प्रश्नमा भनिएको छ, 'हे सत्यकाम पर र अपर ब्रह्म प्रणव हो' फेरि 'जसलाई इच्छा गरेर ब्रह्म-चर्य गर्छन् त्यो पद संक्षेपमा प्रणव हो इत्यादि वचनद्वारा परब्रह्मको वाचकरूपले र प्रतिमा जस्तै प्रतीक रूपले पनि उपनिषद्हरूमा विभिन्न उपासना बताइएको छ । परमात्माको साक्षात्कार भएपछि अरू कुनै किसिमको भावनाको संभव हुँदैन, केवल ब्रह्मरूपको मात्र भान हुन्छ ।

अकारसंज्ञः पुरुषो हि विश्वको
ह्युकारक स्तैजस ईर्यते क्रमात् ।
प्राज्ञो मकारः परिपठ्यते खिलैः
समाधिपूर्वं न तु तत्त्वतो भवेत् ॥४९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जाग्रत्–स्थ विश्व तर अर्थ अकारको हो
स्वप्न–स्थ तैजस उकार हुने क्रमैले ।
हो प्राज्ञ सुप्त पुरुषै कहिने मकार
यो हो समाधि अगि किन्तु यथार्थ हैन ।।

(प्रणवका अकार, उकार र मकारको अर्थ यहाँ देखाइन्छ ।) अविद्या, अन्तःकरण र स्थूल शरीरले युक्त जाग्रत् अवस्थाको अभिमानी विश्वलाई अकारले बताउँछ । अविद्या र अन्तःकरण यी दुई उपाधिले युक्त स्वप्नको अभिमानी तैजसलाई उकारले कहन्छ । अविद्या र अन्तःकरणको संस्कारले युक्त सुषुप्तिको अभिमानी प्राज्ञलाई मकारले बताउँछ भनी सारा वेदहरू भन्छन् । (व्यष्टि विश्व, तैजस र प्राज्ञ मात्र होइन) किन्तु समष्टि विराट्, हिरण्यगर्भ र ईश्वर पनि क्रमैले अकार, उकार र मकारका वाच्य हुन् । तर यो भावना सविकल्प समाधि हुनु भन्दा अगाडिको हो । तत्त्वको साक्षात्कार भएपछि केवल ब्रह्ममात्र रहनाले यस्तो भावना हुँदैन ।

विश्वं त्वकारं पुरुषं विलापये
दुकारमध्ये बहुधा व्यवस्थितम् ।
ततो मकारे प्रविलाप्य तैजसं
द्वितीय--वर्णं प्रणवस्य चान्तिमे ।।५०।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बन्ने अनेकथरि विश्व अकारलाई
पारोस् बिलापन उकार त तैजसैमा ।
वर्ण द्वितीय त्यसलाई पुनः पछिल्लो
मात्रा छ जो प्रणवको त्यसनै विलाओस् ॥

अब विलापनको प्रकार बताइन्छ । स्थूल देहको अभिमान आदि विभिन्न रूपले रहेको जाग्रत्को अभिमानी विश्व पुरुष अकारलाई उकार अर्थात् स्वप्नको अभिमानी तैजसमा विलय गराओस् अर्थात् विलीन छ भन्ने भावना गरोस् । त्यसपछि स्वप्नको सूक्ष्म देहको अभिमानी तैजस उकारलाई प्रणवको अन्तिम वर्ण मकारमा अर्थात् सुषुप्तिको अभिमानी प्राज्ञमा विलीन छ भन्ने भावना गरोस् । कार्य कारणमा विलाउँछ भन्ने नियम छ । जस्तो कार्य घट, कारण माटोमा विलाउँछ । कार्य गहना सुनमा विलाउँछ । त्यस्तै कार्य विश्व कारण तैजसमा बिलाउँछ, किनभने स्थूल शरीरको कारण सूक्ष्म शरीर हो । त्यस्तै कार्य तैजस कारण प्राज्ञमा विलाउँछ, किनभने कारण शरीर अज्ञान नभए सूक्ष्म शरीर पैदा हुँदैनथ्यो ।

मकार मप्यात्मनि चिद्घने परे
विलापयेत् प्राज्ञमपीह कारणम् ।
सोहं परं व्रम्ह सदा विमुक्तिमद्
विज्ञान-दृङ्‌ मुक्त उपाधितोऽमल : ॥५१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राज्ञैं मकारमय कारणलाई फेरि
आत्मस्वरूप पर चिद्घनमा विलाओस् ।
हुँ ब्रम्ह त्यै परम खास सँदै विमुक्त
विज्ञान-दृक् अनि उपाधि–वियुक्त शुद्ध ॥

कारण सुषुप्तिको अभिमानी प्राज्ञ मकारलाई पनि चैतन्यघन परमात्मामा विलीन छ भन्ने भावना गरोस् किन-भने आत्मचैतन्यमा प्राज्ञ अध्यस्त हो । अध्यस्त वस्तु अधिष्ठानदेखि भिन्न हुँदैन । र म त्यही सँदै मुक्त भइ-राखेको विशिष्ट ज्ञानरूप हुँ, सारा उपाधिदेखि रहित हुनाले सँदै निर्मल छु भनी सँदै सजातीय आत्माकार वृत्तिको प्रवाह चलाइरहोस् । अन्तमा सविकल्पको पनि परिपाक भएपछि त्रिपुटीको विलय हुन्छ र परिशिष्ट निर्वि-कल्प शुद्ध चैतन्य मात्रको अनुभव भइहाल्छ । यी लययोगको प्रक्रिया हो । कार्यलाई कारणमा विलीन गराउँदै जाँदा कार्य र कारणको अभेद बुझ्के सारा ब्रह्म मात्र हुन्छ । यदि कुनै कपडाको कारण खोज्दै गयौं भने ब्रह्ममा पुगिहालिन्छ । जस्तो कपडाको कारण हो धागो । धागोको कारण हो कपास । कपासको कारण हो पृथिवी । पृथिवीको कारण हो जल । जलको कारण हो तेज । तेजको कारण हो वायु । वायुको कारण हो आकाश । आकाशको कारण हो तन्मात्रा । तन्मात्राको कारण हो महत्तत्व । त्यसको कारण हो प्रकृति । प्रकृतिको पनि कारण हो परमात्मा । कार्य र कारणको अभेद मान्ने नियम भएकोले सारा हो परमात्मा । यहाँ पचास र एकाउन्न यी दुइ श्लोकमा प्रणवको अहंग्रह उपासना बताइ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एको छ । ब्रह्मस्वरूप प्रणव नै म हुँ' भन्ने यस्तो भावनालाई निर्गुण प्रणवको उपासना भन्छन् । यस किसिमका प्रणवका विभिन्न उपासनाहरू उपनिषद्हरूमा पाइन्छन् ।

एवं सदा जात-परा-त्म-भावन :
स्वानन्द-तुष्टः परिविस्मृता-खिलः ।
आस्ते स नित्या-त्म-सुख-प्रकाशक :
साक्षाद् विमुक्तो ऽचल-वारि-सिन्धुवत् ।।५२।।

यस्तो परात्म–सुविचार गरी सँधै नै
स्वानन्दमा खुश भई सब बिर्सिएर ।
त्यो नित्य–आत्म–सुखको अनुभूति गर्दै
मुक्तै भइन्छ अति शान्त समुद्र जस्तै । ।

(यस्तो भावना गर्नेको फलस्वरूप जीवन्मुक्त स्थिति यहाँ बताइन्छ ।) यसरी अगिल्लो श्लोकमा बताए मुताबिक विश्व, तैजस र प्राज्ञको विलय भएपछि सँधै परमात्माको भावनाको फलस्वरूप रहाँ आफ्नै स्वरूपको आनन्दले तुष्ट हुनुहुन्छ । शरीर, छोरा, स्वास्नी, घर, जिमीन इत्यादि सारा प्रपञ्च बिर्सनुहुन्छ । औपाधिक नाम, रूप इत्यादिको भेद छोडेको हुँदा नित्य आत्म–सुखस्वरूप हुनुहुन्छ । ज्यूँदै साक्षात् मुक्त हुनुहुन्छ । जस्तो अचल पानी भएको समुद्र छाल आदिले रहित हुन्छ त्यस्तै जीवन्मुक्त पुरुष आफ्नो अखण्ड स्वरूपमा रहनुहुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवं सदा ऽभ्यस्त-समाधि-योगिनो
निवृत्त-सर्वे-न्द्रिय-गोचरस्य हि ।
विनिर्जिता-शेष-रिपो रहं सदा
दृश्यो भवेयं जित-षड्-गुणात्मनः ॥५३॥

यस्तै निरन्तर गरेर समाधि—योग
संपूर्ण तो विषय इन्द्रियका हटेका ।
कामादि तो सकल शत्रुहरू जितेका
तृष्णादि—हीन जनको म त दृश्य हुन्छु ॥

(यस्तो समाधि-योगको अभ्यास गर्नेले सँदै रात परमात्माको दर्शन आत्मरूपमा पाइरहनुहुन्छ भन्ने यहाँ बताइन्छ।) यसरी सँदै समाधियोगको अभ्यास गर्ने अनि सारा इन्द्रियका शब्द, स्पर्श, रूप, रस, गन्ध आदि विषय हटेका, काम, क्रोध, लोभ, मोह आदि सारा शत्रुहरू जितेका भोक, प्यास, शोक, मोह, बुढ्याइँ र मृत्यु यी छ कुरा जितेका अथवा साक्षात्व, नित्यत्व, नित्यतृप्तत्व, बोधरूपत्व, स्वतन्त्रत्व अलुप्तत्व यी छ गुण भएका, योगीले म परमात्मालाई सँदै आत्मरूपमा देखिरहन्छन्। वास्तवमा ज्ञानीको दृष्टिमा ब्रह्म सिवाय अरू कुनै वस्तु बाँकी रहँदैन।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ध्यात्वैव मात्मान महर्निशं मुनि
स्तिष्ठे त्सदा मुक्त-समस्त-बन्धनः ।
प्रारब्ध मश्न न्नभिमान-वर्जितो
मय्येव साक्षात् प्रविलीयते ततः ॥५४॥

ध्यानै गरेर यसरी दिनरात आत्मा
योगी रहोस् सकल बन्धन नित्य छोडी ।
प्रारब्धभोग त गरी अभिमान छोडी
साक्षात् ममा पछि अवश्य हुनेछ लीन ॥

यसरी रातदिन ध्यान गरेर रहने मुनिले छोरा, स्वास्नी, धन, कीर्ति इत्यादिको एषणा त्यागी सारा बन्धन चुँडालेर अभिमान छोडी प्रारब्धको भोग गरोस् । (जीवन्-मुक्तका संचित अर्थात् पहिले जम्मा गरिएका आगामी अर्थात् ज्ञान भएपछि गरिएका सारा कर्महरू नष्ट हुन्छन् । शरीरले केवल प्रारब्ध भोग्दछन् ।) त्यसपछि साक्षात् निर्गुण परमात्मामा नै विलीन हुन्छन् । अर्थात् विदेहमुक्त भई ब्रह्म-स्वरूप नै हुन्छन् ।

आदौ च मध्ये च तथैव चान्ततो
भवं विदित्वा भय-शोक-कारणम् ।
हित्वा समस्तं विधिवाद-चोदितं
भजेत् स्वमात्मान मथा खिलात्मनाम् ।५५।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पैले पछाडि र त्यसै गरि बीचमा नै
संसार शोक–भय–कारण हो भनेर ।
छोडेर वेद–विहितै सब कर्म आफ्नो
आत्मा भजोस् जुन त हो परमात्मरूप ॥

भव अर्थात् संसार शुरूमा, बीचमा र अन्त्यमा पनि डर र शोकहरूको कारण छ। (अर्थात् धन कमाउँदा दुःख नै हुन्छ, फेरि त्यो धनको रक्षाको लागि चोर इत्यादिबाट डर भइहाल्छ, यदि धन नष्ट भइहाल्यो भने त झन् ठूलो शोक हुन्छ। यसै हुँदा हरेक विषयबाट सँधै डर र शोक भइरहन्छ) भन्ने बुझेर त्यसको कारण भएको, वेदले बताएको भए पनि सारा काम्य कर्मलाई छोडेर सारा प्राणीहरूका आत्मस्वरूप भएका परमात्माको भजन गरोस। (आफू शुद्ध चैतन्यरूप व्यापक परमात्मस्वरूप हो भन्ने बुझोस्।)

आत्मन्यभेदेन विभावयन्निदं
भवत्य भेदेन मयात्मना तदा ।
यथा जलं वारिनिधौ यथा पयः
क्षीरे वियद् व्योम्न्यनिले यथा निलः ॥५६॥

आत्मासँगै सब प्रपञ्च अभिन्न ठान्दै
पूर्णात्मरूप मसँगै पनि भेद छुट्छ ।
जस्तो नदी जलधिमा, दुध दूध साथ
आकाश मिल्छ नभमा, त मरुत् मरुत्मा ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(परमात्मासँग अभेदको भावनाले नाम, रूप हराउँछ र परमात्मरूप नै हुन्छ भन्ने कुरा दृष्टान्तका साथ यहाँ बताइन्छ।) यो सारा जगत्लाई आफ्नो स्वरूपमा र अधिष्ठान भएको परमात्मासँग आफ्नो अभेद जब मुमुक्षु देख्दछ तब परमात्मासँग अभिन्न हुन्छ। जस्तो समुद्रमा पुगेका नदीहरूको जल समुद्र नै हुन्छ, दूधमा दूध अभिन्न हुन्छ, घटाकाश महाकाशमा मिल्छ, फेरि खलाँतीको वायु महावायुमा अभिन्न हुन्छ। त्यस्तै यो सारा जगत् परमात्मस्वरूप नै भान हुन्छ। अर्थात् ब्रह्मदेखिन् अरू केही पनि ब्रह्म-साक्षात्कार भएका ज्ञानीले देख्नुहुन्न।

इत्थं यदीक्षेत हि लोकसंस्थितो
जगन् मृषैवेति विभावयन् मुनिः।
निराकृतत्वाच्छ्रुति-युक्ति-मानतो
यथेन्दुभेदो दिशि दिग्भ्रमादयः ॥५७॥

यस्तो विचार त गरेर जगत् झुटो हो
भन्ने निधो मुनि गरोस् रहँदा जगत्मा।
हो यो प्रमाणहरुबाट हटाइएको
जस्तो त भास्छ दुइ चन्द्र र दिग्-भ्रमा-दि ॥

(यसरी ब्रह्मको साक्षात्कार गरेका ज्ञानीको 'जगत् साँचो हो भन्ने भ्रम स्वतः जान्छ भन्ने यो श्लोकमा बताइन्छ।) संसारमा रहेर प्रारब्ध-वशले लोक-व्यवहार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरे पनि जगत् झूटो हो भन्ने दृढ निश्चय गर्दै यसरी ब्रह्मको साक्षात्कार हुन्छ तब जगत्को भ्रम स्वतः हट्छ। किनभने परमात्माभन्दा भिन्न वस्तु झूटो हो, सारा जगत् ब्रह्म हो इत्यादि श्रुतिले जगत्को निराकरण गरिराखेको छ। फेरि जाग्रत्, स्वप्न र सुषुप्ति यी तीनै अवस्थामा तथा भूत, वर्तमान र भविष्यत् यी तीनै कालमा रहिरहने मात्र साँचो हो, अनि शरीरको नाश अवश्य हुन्छ इत्यादि युक्तिले पनि आत्मादेखि भिन्न वस्तु झूटो ठहरिन्छ। 'जगत् झूटो हो, दृश्य हुनाले घर जस्तै, अनि ज्ञानले हटाइने हुँदा पनि झूटो हो, सीपीमा देखिएको चाँदी जस्तै भन्ने अनुमान प्रमाणले पनि जगत् झूटो ठहरिन्छ। जस्तो एउटै चन्द्रमा हुँदा पनि आँखाको दोषले दुइ चन्द्रमा देख्छ। जस्तो घना जङ्गल आदि मा दिशाको भ्रम हुन्छ। कुन पूर्व हो कुन पश्चिम हो भन्ने छुट्याउन मुश्किल पर्छ अझ पूर्वलाई पश्चिम भन्ठानिन्छ। फेरि आफू नाउ आदिमा चढेको छ भने अलि परका रूखहरू र आफू घुमिरहेको मानिसलाई दिशा हिंडे जस्तो भान हुन्छ, तर नाउ हिंडेको हो, रूख हिंडेको होइन इत्यादि ज्ञानले भ्रम नष्ट हुन्छ। त्यस्तै ब्रह्मको यथार्थ अनुभवले जगत्को भ्रम नष्ट हुन्छ।

यावन् न पश्ये दखिलं मदात्मकं
तावन् मदाराधन-तत्परो भवेत्।
श्रद्धालु रत्यूर्जित-भक्ति-लक्षणो
यस्तस्य दृश्योऽहमहर्निशं हृदि ॥५८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देख्दैन विश्व जबसम्म स्वरूप मेरो
मद्–भक्तितर्फ तबसम्म त तत्परै होस् ।
श्रद्धालु फेरि दृढ भक्ति हुने जनैको
रातोदिनै हृदयमा म त देखिइन्छु ॥

(यस्तो निर्गुण ज्ञानको अनुभव गर्न पहिले चित्तको एकाग्रताको आवश्यक भएकोले त्यसका लागि सगुण स्वरूपको आराधना आवश्यक छ भन्ने यो श्लोकमा बताइन्छ।) जब सम्म निर्गुणस्वरूप म नै अधिष्ठान भएको विवर्तरूप जगत् परमात्मस्वरूप नै हो भन्ने दृढ निश्चय हुँदैन तबसम्म म सगुणस्वरूपको आराधनामा तत्पर होस्। जो श्रद्धालु छ अर्थात् सगुणस्वरूपको आराधनाले नै निर्गुण ज्ञानमा पुर्‍याउँछ भन्ने दृढ विश्वास गर्छ र अत्यन्त नै सजातीय प्रवाहरूपमा बहिरहेको उत्कट भक्ति छ भने त्यसको हृदयमा रातदिन म देखा परिरहन्छु।

रहस्य मेतच् छ्रुति-सार-संग्रहं
मया विनिश्चित्य तवोदितं प्रिय ।
यस् त्वेत दालोचयतीह बुद्धिमान्
स मुच्यते पातक-राशिभिः क्षणात् ॥५९॥

यस्तो रहस्यमय संग्रह वेद–सार
हे भाइ निश्चय गरी अहिले बताएँ ।
जो बुद्धिमान् त यसलाई विचार गर्ला
छुट्ला तुरुन्त उ त पातक–राशिबाट ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(हे प्रिय लक्ष्मण, अत्यन्त गोप्य भएको यो वेदको सार-संग्रह निश्चय गरेर मैले तिमीलाई बताएँ। (अर्थात् वेदको सार भएकोले यसमा शंका गर्ने ठाउँ छैन।) जुन बुद्धिमान्‌ले यसको मनन गर्छ. यसैको विचारमा मग्न भइरहन्छ भने त्यो एकै छिनमा पापको राशबाट मुक्त हुन्छ।

भ्रात यंदीदं परिदृश्यते जगन्
मायैव सर्वं परिहृत्य चेतसा।
मद्–भावना–भावित–शुद्ध–मानस :
सुखी भवानन्दमयो निरामयः ॥६०॥

हे भाइ जे जति जगत् यदि देखिइन्छ
झूटो त त्यो सब भनी मनले हटाई।
मेरो त भावन गरी भइ शुद्ध चित्त
आनन्दरूप र निरामय फेरि होऊ॥

लक्ष्मणलाई दृढता होस् भन्नाको लागि अगि बताएको कुराको सार संक्षेपमा फेरि भगवान् रामबाट आज्ञा हुन्छ।) हे भाइ लक्ष्मण, यो जो जगत् देखिन्छ त्यो सारा माया हो अर्थात् नभएको कुरा हो। (चतुः श्लोकी भागवतमा भनिएको छ, 'वस्तु होइन तर भ्रमले प्रतीत हुन्छ भने त्यो माया हो।) यसै हुँदा चित्तले सत्रै हटाएर म परमात्माको भावनाद्वारा शुद्ध मन भएर वस। सारा दुखः हटेकोले सुखी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

होऊ, अरू त्रिपुटीको नाश गरेर आनन्दरूप होऊ। (हुनत आत्मा आनन्दरूप नै हो तै पनि घाँटीमा लगाइराखेको हार बिर्सिए जस्तै पाएकै कुरा पाए जस्तै हो।) मायारूप उपाधिले रहित होऊ। (यहाँ भगवान् रामले लक्ष्मणलाई तीन आशीर्वाद दिनु भएको छ। पहिले सत्वगुणी सुख अर्थात् रसास्वादको सुख होस् भन्नु भयो। अनि निर्विकल्प समाधिमा निर्गुण आनन्दमय होऊ भन्नुभयो। अज्ञानको नाश होस् भन्नु भयो।

य: सेवते मा मगुणं गुणात्परं
हृदा कदा वा यदि वा गुणात्मकम्।
सोहं स्व-पादा-श्चित-रेणुभिः स्पृशन्
पुनाति लोक-त्रितयं यथा रविः ॥६१॥

त्यो निर्गुणै मकन भज्दछ या मनैले
कैले कहीं सगुण रूप पनी भजेमा।
त्यो मै हुँ नै चरणको त्यसको धुलोले
श्रीसूर्यले सरि त्रिलोक पवित्र पार्छ ॥

(भजन गर्ने सच्चा भक्तहरूले अरूलाई पवित्र पार्छन् भन्ने यहां बताइन्छ।) जसले जुनसुकै बखतमा पनि निर्मल बुद्धिले गुणदेखि पर अर्थात् मायादेखि पर रहेका अगुण अर्थात् सत्त्व, रज र तम यी तीन गुणले रहित भएको मेरो ध्यान गर्छ अथवा गुणात्मक अर्थात् सर्वज्ञत्व आदि अलौकिक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुणले युक्त भएको म राम आदि सगुणस्वरूपको भजन गर्छ भने त्यो भक्त मेरो स्वरूप हो। त्यस्तो भक्तको पाउको धुलोले छुँदा तीन लोक पवित्र हुन्छ अर्थात् सबैको हृदयमा रहेको अज्ञानरूपी अन्धकारलाई हटाइदिन्छ। जस्तो सूर्यनारायणले आफ्ना किरणले तीन लोकको अन्धकार नष्ट गरिदिनुहुन्छ (त्यस्तै भक्त पनि साराको अज्ञान नष्ट गर्न समर्थ हुन्छन्।)

विज्ञान मेत दखिलं श्रुतिसार मेकं
वेदान्त-वेद्य-चरणेन मयैव गीतम्।
यः श्रद्धया परिपठेद् गुरु-भक्ति-युक्तो
मद्रूप मेति यदि मद्-वचनेषु भक्तिः ॥६२॥

विज्ञान यो सकल हो खुद वेदसार
वेदान्त–लक्षित मबाट बताइएको ।
सश्रद्ध पढ्दछ त जो गुरुभक्ति––युक्त
मद्रूप हुन्छ यदि गर्छ ममा पत्यार ॥

(यदि श्रद्धासाथ पाठ गर्‍यो भने मात्र पनि ठूलो फल पाउँछ भन्ने यहाँ बताइन्छ।) यो सारा वेदको सार भएको विशेष ज्ञान अर्थात् अनुभव गराउने यो गीता वेदान्तबाट चरण जानिने अर्थात् जगत्को जन्म आदिको कारण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएको सच्चिदानन्दरूप मैले नै बताएको हुँ । जसले श्रद्धा-पूर्वक अनि गुरु-भक्तिका साथ राम्ररी पाठ गर्छ र मेरो वचनमा विश्वास गर्छ भने त्यसको चित्त शुद्ध हुन्छ अनि मेरो अनुग्रहबाट मेरै स्वरूप हुन्छ ।

इति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामहृदयम्

ततो रामः स्वयं प्राह हनूमन्त मुपस्थितम् ।
शृणु तत्त्वं प्रवक्ष्यामि ह्यात्मानात्म-परात्मनाम् । १ ।
आकाशस्य यथा भेदस्त्रिविधो दृश्यते महान्
जलाशये महाकाशस् तदवच्छिन्न एव हि ।
प्रतिबिंबाख्य मपरं दृश्यते त्रिविधं नभः । २ ।
बुद्ध्यवच्छिन्न-चैतन्य मेकं पूर्ण मथा परम् ।
आभासस् त्वपरं बिंब-भूत मेवं त्रिधा चितिः । ३ ।
साभास-बुद्धेः कर्तृत्व मविच्छिन्नेऽविकारिणि ।
साक्षिण्या रोप्यते भ्रान्त्या जीवत्वं च तथाऽबुधैः । ४ ।
आभासस्तु मृषा बुद्धि रविद्या-कार्य मुच्यते ।
अविच्छिन्नं तु तद् ब्रह्म विच्छेद स्तु विकल्पितः । ५ ।
अविच्छिन्नस्य पूर्णेन एकत्वं प्रतिपाद्यते ।
तत्त्वमस्यादि-वाक्यैश्च साभासस्या हमस्तथा । ६ ।
ऐक्य-ज्ञानं यदोत्पन्नं महावाक्येन चात्मनोः ।
तदाऽविद्या स्व-कार्यैश्च नश्यत्येव न संशयः । ७ ।
एतद् विज्ञाय मद्-भक्तो मद् भावायो पपद्यते ।
मद्-भक्ति-विमुखानां हि शास्त्र-गर्तेषु मुह्यताम् ।
न ज्ञानं न च मोक्षः स्यात् तेषां जन्म-शतै रपि । ८ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(३८)

लेखकका अरू प्रकाशित पुस्तकहरू

१. पच्चीस प्रबन्ध
२. कादंबरी (नाटक)
३. पौराणिक कहानी
४. ऐतिहासिक कहानी
५. वैदिक कहानी
६. सिँधुलीको झलक (खण्डकाव्य)
७. संस्कृत साहित्यको सिंहावलोकन
८. ईश्वर किन मान्ने ?

अनूदित

९. हरि-स्तुति (श्री-शंकराचार्य-विरचित 'हरिमीडे' स्तोत्रको व्याख्या र अनुवाद)
१०. विद्या-गीता (त्रिपुरारहस्य-ज्ञानखण्डको अनुवाद)
११. गजेन्द्र-मोक्ष (अनुवाद र व्याख्या)
१२. योगवासिष्ठ-रस (वासिष्ठका कतिपय श्लोकहरूको प्रायः श्लोकमा अनुवाद
१३. हंसगीता र भिक्षुगीता (अनुवाद र व्याख्या)
१४. देवीगीता
१५. स्तुति-धारा (भाग १ र २)
१६. ब्रह्मगीता
१७. शांकरी अमृतधारा
१८. आत्मपुराणको संक्षिप्त अनुवाद

मुद्रक :– 'आकाश भैरव प्रिन्टिङ्ग प्रेस' वटु मूवहाल, काठमाडौं

Jayatu Sanskritam, Kathmandu, Nepal